अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन १० र ११ गते (22/23 Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Superb For Ultimate Manpower Solution Pvt.Ltd**

Maligaun, Naxal, (Brihaspati School) Kathmandu, Nepal चलानी नं.
Tel : +977-1-4521448 E-mail : info@superbultimate.com
Webiste :www.superbultimate.com



## चिङ्गाड गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

अवलचिङ्ग, सुर्खेत

कर्णाली प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशित मिति: २०८०/११/०३)

यस कार्यालयबाट आव्हान गरिएको तपशिल बमोजिमको ठेक्कामा प्राप्त बोलपत्रहरुमध्ये निम्नानुसार बोलपत्रदाताको बोलपत्र न्यूनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि सिफारिस हुन आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ उक्त बोलपत्रसंग सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| S.N | Contract Identification No | Name of Contract | Name of lowest evaluated substantially responsive bidder | Bid Price of lowest evaluated substantially responsive bid (Excluding vat and ps) |
|---|---|---|---|---|
| 1 | IFB No: 04/NCB/ WORKS/CRM/080/081 | Construction of River Training Works at Chingad Khola | Jagannath Nirman Sewaa, Bi.Na.Pa.-10, Surkhet | Nrs. 72,97,502.00/- |
| 2 | IFB No: 05/SQ/ GOODS/CRM/080/081/Re | Supply of construction components of Garchekhola Steel Truss Bridge | Junkiri Industries Pvt. Ltd., Butwal-10 | Nrs. 12,52,338.08/- |
| 3 | IFB No: 02/SQ/ GOODS/CRM/080/081/Re | Procurement of fabricated steel parts of Kimu Khola Suspended Bridge | S.K. Engineering Industries, Butwal-10 | Nrs. 9,24,561.33/- |

प्रमुख प्रशासकीय अधिकृत

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

## फैसला समयमै होस्

बुधबार पूर्वमन्त्री चन्द्रदेव जोशी विशेष अदालत पुगे । ८७ वर्षीय जोशी ललिता निवास प्रकरणको फैसला आउने आशमा लौरो टेक्दै अदालत पुगेका थिए । खबरहरूमा ललिता निवास प्रकरणको बुधबार नै फैसला आउने चर्चा थियो । त्यसैले अभियोग लागेको पूर्वमन्त्री जोशी चिसोमा पनि चासो लिएर अदालतको परिसरमा पुगेका थिए । तर अदालतले फैसला हेर्दाहेर्दैमा राखिदियो ।

विशेष अदालतका प्रवक्ता धनबहादुर कार्कीले नै फैसला आउनसक्ने भनेपछि व्यवसायी मीनबहादुर गुरुङ पनि अदालत पुगेका थिए । सरकारी जग्गा व्यक्तिको नाममा दर्ता गरी भ्रष्टाचार गरेको आरोपमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले २०७६ मा मुद्दा दायर गरेको थियो । यो प्रकरणमा पूर्वउपप्रधानमन्त्री विजयकुमार गच्छदारसहित १७५ जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर भएको थियो । यसअगाडि काठमाडौं जिल्ला अदालतले यो प्रकरणमा पक्राउ परेका व्यवसायी गुरूङलाई भदौ २४ गते दुई करोड ४६ लाख रूपैयाँ धरौटीमा छाडेको थियो ।

आरोपीविरुद्ध सरकारी वकिल कार्यालय काठमाडौंले संगठित अपराधमा भन्दा पनि सरकारी छाप दस्तखत कीर्ते मुद्दामा मात्रै मुद्दा चलाएको थियो । अदालतले डिल्लीबजार मालपोत कार्यालयका तत्कालीन प्रमुख कलाधर देउजासँग १५ लाख रूपैयाँ र समरजङ कम्पनीका तत्कालीन सहायक लेखापाल विनोद पौडेलसँग १५ लाख नै धरौटी माग गरेको थियो ।

माधवकुमार नेपाल प्रधानमन्त्री भएको बेला व्यक्तिको नाम दर्ता, नक्कली मोही खडा र क्षेत्राधिकार मिचिएको विभिन्न प्रतिवेदनले देखाउँछ । डा. बाबुराम भट्टराई प्रधानमन्त्री हुँदा २०६९ असोज १८ गते पशुपति टिकिन्छा गुठीका नाममा जग्गा कायम गर्ने निर्णय भएको थियो । यो बेला मुख्यसचिव लीलामणि पौडेल थिए । पौडेललाई अख्तियारले बयान पनि लिए पनि मुद्दा भने हालेन ।

केपी शर्मा ओली भएपछि त्रितालको संयोजकत्वमा ललिता निवास क्याम्पको जग्गा छानबिन समिति बन्यो । त्यो समितिको प्रतिवेदनका आधारमा सरकारले भ्रष्टाचारमा अख्तियार तथा ठगी र कीर्तेमा सिआइबीलाई अनुसन्धानको जिम्मा दिएको थियो । शेरबहादुर देउवा प्रधानमन्त्री भएको बेला २०७८ नेपाली कांग्रेसका नेता गच्छदार १० लाख धरौटीमा छुटे । अख्तियारले बालुवाटारस्थित ललितानिवास जग्गा प्रकरणमा १७५ जनालाई प्रतिवादी बनाउँदा सर्वोच्च अदालतका न्यायाधीश कुमार रेग्मी र नेकपा महासचिव विष्णु पौडेलका छोरा नवीन पौडेललाई भने जोगाएको थियो ।

यसरी लामो समयपछि किनारा लाग्न लागिएको मुद्दाको फैसला सुनाउने तयारी गरे पनि अदालतले ढिलाइ गरेको छ । ढिला न्याय दिनु पनि न्याय नदिनुजस्तै हो । फैसलामा ढिलाइ गर्दा अदालतमाथि अनेकन आशंका उब्जन सक्छ । त्यसैले फैसला समयमै आओस् ।

## मनन्योग्य

### चाणक्य नीति

यसै बेलामा दुब्लो पातलो शरीरका कुनै साधु का सालि सतर्क भई राजमार्गमा हिँड्दै मन्त्रीहरूका निवासतिर जाँदै थिए । शरीर गेरु वस्त्रले ढाकेका थिए । काँधमा एउटा झोली थियो । ती पुरुष शकटारको ढोकामा आइपुगे । सतर्क खडा रहेको प्रहरीले भाला अगाडि बढाउँदै रौक्यो र भन्यो–“बाबा भोलि विहान आउनुहोस्, यसबेला अमात्य सुतिक्नुभएको छ ।’

बृद्धले तिखा नजरले हेर्दै द्वारपाललाई भने–‘मलाई अमात्यसँग यसै समय भेट्नु छ । तिमी गई अमात्यसँग भन ‘कौटिल्य’ आएको छ विष्णुगुप्त, किन कि विष्णुगुप्त नामको व्यक्तिको चारैतिर खोजी भइरहेछ । ‘कौटिल्य’ नाम शकटारबाहेक अन्यलाई थाहा छैन । पातलो शरीर एवम् तिखा दृष्टिले द्वारपाल असहायकजस्तो भयो र तुरुन्त भित्र सूचना दिन गयो ।

सुत्ने कोठामा शकटार विश्राम गरिरहथे । द्वारपालले ‘कौटिल्य’ आएको सूचना दियो । शकदार कौटिल्यको नामले झस्के । उनका बाबु चणक पनि यस्तै मध्यरातमा आई मन्त्रणा गर्दा चाणकलाई बन्दी बनाई मृत्यूदण्ड दिइएको थियो । नन्दले आफूलाई र परिवारलाई पनि कारागारमा थुनेको थियो । नन्दले पछि कुनै कुरामा खुसी भएर आफूसहित परिवारलाई बन्दी जीवनबाट छुटकारा दिएकाले अमात्य पद फिर्ता पाएका थिए । आफू झस्केको आभास द्वारपालाई नदिई आदरपूर्वक लिएर आऊ भनी अह्वाए ।


शकटार विचारमग्न थिए । कुनै आएको पदचापदले विचार टुट्यो । द्वारपालले आएर भन्यो–“अतिथिलाई अतिथिकक्षमा विश्राम गराएको छु । तिमी आफ्नो काममा जाऊ, कसैलाई पनि भित्र आउन नदेऊ र कुनै यताउति घुमिरहेका छन् कि त्यो पनि हेर’ राक्षसका गुप्तचरका व्यवस्थाबाट शकटार परिचित थिए ।

शकटारलाई चिन्तित देखी चाणक्यले भने–‘अमात्य नहडबडाउनुहोस्, केही कुरा छैन । चाणक्यले यो सबै परीक्षा गरेर आएको छ, मेरा पछाडि कुनै गुप्तचर छैन । साथै गुप्तचरलाई कसरी छकाइन्छ भन्ने पनि चाणक्यले जानेको छ ।’

चाणक्यका कुराले अमात्य केही निश्चिन्त भए । अनि चाणक्यले भने–‘तात ! मध्यरात्रिमा कष्ट दिएकोमा क्षमाप्रार्थी छु । तर, के गरौं भेट्न जरुरी थियो । त्यस दिनपछि भेष बदलेर अज्ञातबासमा बसेको छु । यस बीमा मैले धेरै सोचें र यो निष्कर्षमा पुगें ।

हामीले मगधको भावी राजा खोज्नुपर्छ । जो यस्तो व्यक्ति होस् वीर होस् । नन्दको अत्याचारबाट क्षुब्ध होस् र नन्दसँग प्रतिशोध लिने इच्छा भएको होस् ।’ क्रमशः

# पञ्चज्ञानेन्द्रीय, पञ्चतत्त्व र पाञ्चायन देवताबीचको सम्बन्ध



शिव खतिवडा ‘शिष्य’

> हाम्रो शरीर पनि पञ्चतत्वबाटै बनेको हुन्छ । पञ्चतत्वमध्ये पृथ्वीको मात्रा धेरै हुने भएकाले हामी हाम्रो शरीरलाई पार्थिव शरीर पनि भन्ने गर्दछौं । आकाश तत्वमा सत्वगुणको मात्रा धेरै भएर श्रोत्रेन्द्रीय (कान) बन्ने गर्दछ । त्यसैगरी वायु तत्वमा सत्वगुणको मात्रा धेरै भएर त्वगिन्द्रीय (छाला), तेज तत्वमा सत्वगुणको मात्रा धेरै भएर चक्षुरिन्द्रीय (आँखा), जल तत्वमा सत्वगुणको मात्रा धेरै भएर रसनेन्द्रीय (जिब्रो) र पृथ्वी तत्वमा सत्वगुणको मात्रा धेरै भएर घ्राणेन्द्रीय (नाक) बन्ने गर्दछ ।

ज्ञान साधनमिन्द्रीयम् ज्ञानेन्द्रीयम् अर्थात् जीवलाई विषयसम्बन्धी बोध गराउने इन्द्रीयलाई ज्ञानेन्द्रीय भनिन्छ । जसलाई हामी पाँच प्रकारले जान्न सक्दछौं आँखा, कान, नाक, जिब्रो र छाला । पदार्थहरूलाई ज्ञान गर्ने भएकाले ज्ञानेन्द्रीयहरूको भूमिका शरीरमा महत्त्वपूर्ण रहेको हुन्छ । आँखाले दृश्य शक्तिको ज्ञान गर्ने गर्दछ । कानले श्रवण शक्तिको ज्ञान गर्ने गर्दछ । नाकले घ्राण अर्थात् गन्ध शक्तिको ज्ञान गर्ने गर्दछ । जिब्रोलाई रसनेन्द्रीय पनि भनिन्छ जसले रसको ज्ञान गर्ने गर्दछ भने छालाले स्पर्श शक्तिको ज्ञान गर्ने गर्दछ । कम्प्युटरमा ‘इनपुट डिभाइस’को रूपमा विभिन्न यन्त्रहरूले काम गरेजसरी ज्ञानेन्द्रीयहरूले हाम्रो शरीरमा काम गर्ने गर्दछन् । इन्द्रीयहरू मनको नियन्त्रणमा हुन्छन् भने मन बुद्धिको नियन्त्रणमा हुन्छ ।

अध्यात्मवादीहरूले ‘चित्तमिन्द्रीयसंघातं मनो बुद्धिस्तथाष्टमी । अष्टौं ज्ञानेन्द्रीयाण्याहुरेता अध्यात्मचिन्तकाः ॥’ भनेर चित्त, मन र बुद्धिसहित जम्मा आठ इन्द्रीयहरू मान्ने गरेको पाइन्छ । पृथ्वी, जल, तेज, वायु र आकाश यी पाँच तत्त्वहरूको समूहलाई पञ्चतत्त्व भनिन्छ । शंकराचार्यको ‘तत्त्वबोध’ पुस्तकका अनुसार यो सम्पूर्ण सृष्टि उत्पत्तिको कारक नै माया हो । मायानाम परमात्मनः शक्तिः अर्थात् परमात्माको शक्ति नै माया हो । परमात्माले मायाबाटै सृष्टि गर्ने गर्दछ । सृष्टिको क्रममा मायाबाटै आकाशको उत्पत्ति हुन्छ । त्यसैगरी आकाशबाट वायु, वायुबाट तेज, तेजबाट जल र जलबाट पृथ्वी हुँदै अपञ्चीकृत पञ्चमहाभूतको उत्पत्ति हुन्छ । अपञ्चकृत भन्नाले शुद्ध पदार्थलाई बुझ्नुपर्दछ । शुद्ध आकाश, शुद्ध वायु, शुद्ध तेज, शुद्ध जल र शुद्ध पृथ्वी । माया पनि सत्वगुण, रजोगुण र तमोगुण गरी त्रिगुणात्मक हुने गर्दछ । यो सम्पूर्ण जगत्को सृष्टि नै पञ्चतत्त्वमा त्रिगुणहरू मिलेर भएको हुन्छ ।

हाम्रो शरीर पनि पञ्चतत्त्वबाटै बनेको हुन्छ । पञ्चतत्त्वमध्ये पृथ्वीको मात्रा धेरै हुने भएकाले हामी हाम्रो शरीरलाई पार्थिव शरीर पनि भन्ने गर्दछौं । आकाश तत्त्वमा सत्वगुणको मात्रा धेरै भएर श्रोत्रेन्द्रीय (कान) बन्ने गर्दछ । त्यसैगरी वायु तत्त्वमा सत्वगुणको मात्रा धेरै भएर त्वगिन्द्रीय (छाला), तेज तत्त्वमा सत्वगुणको मात्रा धेरै भएर चक्षुरिन्द्रीय (आँखा), जल तत्त्वमा सत्वगुणको मात्रा धेरै भएर रसनेन्द्रीय (जिब्रो) र पृथ्वी तत्त्वमा सत्वगुणको मात्रा धेरै भएर घ्राणेन्द्रीय (नाक) बन्ने गर्दछ । यसैगरी अपञ्चीकृत पञ्चमहाभूतमा त्रिगुणहरूको मिश्रणबाटै पञ्चीकृत पञ्चमहाभू, पञ्चकर्मेन्द्रीय र अन्तःकरण चतुष्टय बन्ने गर्दछन् । पञ्चीकृत पञ्चमहाभूत भन्नाले पञ्चतत्त्वमध्येका कुनै एक तत्त्वमा पनि सूक्ष्म रूपले पाँचै तत्त्वहरू रहेका छन् भन्ने बुझ्नुपर्दछ । यसप्रकार पञ्चतत्त्वबाटै स्थूल शरीर, सूक्ष्म शरीरका साथै सम्पूर्ण जगत्को सृष्टि भएको हुन्छ ।

सनातन परम्परामा पाञ्चायन देवता भन्नाले ‘गणेशो भाष्करो देवी शिव विष्णुश्च पञ्चमः’ भनेर पाँच मुख्य देवताहरूको समूहलाई बुझिन्छ, जसमा विष्णु, शिव, गणेश, देवी र सूर्य पर्दछन् । माथि उल्लिखित पाँच देवताहरूमध्ये कुनै एकलाई प्रमुख बनाएर पूजा गर्ने परम्परा भएकाले सनातन संस्कृतिमा मुख्यतया पाँच सम्प्रदायहरू रहेको पाइन्छ । भगवान् विष्णुको अस्तित्त्वलाई सर्वश्रेष्ठ मान्नेहरूले आफूलाई वैष्णव मान्ने गर्छन् । भगवान् शिवको सत्तालाई स्वीकार्नेहरूले शैव सम्प्रदाय मान्दछन् । नारी स्वरूपको अस्तित्त्वलाई स्वीकार गर्नेहरूले आफूलाई शाक्त मान्दछन् ।

भगवान् गणेशलाई सर्वोपरि ठान्नेहरूले गाणपत्य सम्प्रदाय मान्ने गर्दछन् भने जगत्का प्रत्यक्ष देवता भगवान् सूर्यलाई इष्टदेव मानी पूज्ने समुदायले आफूलाई सौर्य सम्प्रदाय भन्ने गर्दछन् । विशेषतः कुनै सम्प्रदायको जानकार नभएको तर आफूलाई हिन्दू मान्नेहरूले समष्टीगत पाञ्चायन देवता पूज्ने गर्दछन् । पाञ्चायन देवतामा पनि कुनै एकलाई इष्टदेवता मानी पूज्ने परम्परा रहेको छ । शिवलाई प्रमुख मान्दा शिवपाञ्चायन, विष्णुलाई प्रमुख मान्दा विष्णुपाञ्चायन, गणेशलाई प्रमुख मान्दा गणेश पाञ्चायन, देवीलाई प्रमुख मान्दा देवी पाञ्चायन र सूर्यलाई प्रमुख मान्दा सूर्य पाञ्चायन भनेर पूजा गरिन्छ ।

सामान्यतया पञ्च ज्ञानेन्द्रीय, पञ्चतत्त्व र पाञ्चायन देवताको विषयमा ज्ञान गर्यौं भने अब बुझौं यिनीहरूबीचको सम्बन्धका विषयमा । पञ्चेन्द्रीयहरूले पञ्चतत्त्वकै विषयहरूको बोध गर्दछन् भने पाञ्चायन देवताहरू पञ्चेन्द्रीय र पञ्चतत्त्वकै अधिष्ठातृ देवताको रूपमा रहेका हुन्छन् । पृथ्वी गन्धवती छिन् । नाकले पृथ्वीमा रहेको गन्धलाई ज्ञान गर्ने गर्दछ भने गणेश नाकका अधिष्ठातृ देवता हुन् । अर्थात् यो भनौं कि नाकमा सूक्ष्म रूपी घ्राणत्वको रूपमा गणेश देवताको बास भएको हुन्छ र नाकले गन्धको ज्ञान गर्ने गर्दछ । त्यसैगरी जिब्रोले जलको ज्ञान गर्ने गर्दछ भने जिब्रोका अधिष्ठातृ देवता भगवान् विष्णु हुन् । आँखाले तेजको ज्ञान गर्ने गर्दछ भने आँखाका अधिष्ठातृ देवता भगवान् सूर्य हुन् ।

छालाले वायुको ज्ञान गर्ने गर्दछ भने छालाका अधिष्ठातृ देवता आदिशक्ति देवी हुन् । कानले आकाश अर्थात् शब्दको ज्ञान गर्ने गर्दछ भने कानका अधिष्ठातृ देवता भगवान् शिव हुन् । यसरी यी पाञ्चायन देवताहरूले पाँच इन्द्रीयहरूलाई तत्तत् विषयमा क्रियाशील बनाएर सञ्चालन गरेका कारण पञ्चेन्द्रीयहरूले आ-आफ्ना विषयको ज्ञान गरेका हुन् । इन्द्रीयत्वको अभावमा इन्द्रीयले कार्य गर्न सक्दैनन् । इन्द्रीयत्व भन्नाले इन्द्रीयमा रहने गुण भन्ने बुझिन्छ । आँखामा रहेको चक्षुत्व गुणले गर्दा आँखाले देख्ने गर्दछ ।

कानमा रहेको श्रोत्रत्व गुणले गर्दा कानले सुन्ने गर्दछ । नाकमा रहेको घ्राणत्व गुणले गर्दा नाकले सुँघ्ने गर्दछ । छालामा रहेको त्वक्त्व गुणले गर्दा छालाले स्पर्श गर्ने काम गर्दछ भने जिब्रोमा रहेको रसनात्व गुणले गर्दा जिब्रोले स्वाद लिने काम गर्दछ । हामीले कहिलेकाहीँ यस्ता मानिसहरू देख्ने गर्दछौं कि जसको कान हुन्छ तर उनीहरूले सुन्न सक्दैनन् । जसको आँखा हुन्छ तर उनीहरूले देख्न सक्दैनन् । यस्तो हुनुको कारण पनि इन्द्रीयमा इन्द्रीयत्वको अभाव भएर नै हो । यसलाई हामी यसरी पनि बुझ्न सक्छौं कि इन्द्रीयहरू बत्ती हुन् भने इन्द्रीयत्व विद्युत् हो । विद्युत्को अभावमा जसरी बत्ती बल्न सक्दैन त्यसैगरी इन्द्रीयत्वको अभावमा इन्द्रीयहरूले कार्य गर्न सक्दैनन् ।

यसप्रकार पञ्च ज्ञानेन्द्रीय, पञ्चतत्त्व र पाञ्चायन देवताबीच घनिष्ठ सम्बन्ध रहेको हुन्छ । सृष्टि, स्थिति र लय यी तिनै कार्यमा पाञ्चायन देवताको महत्त्वपूर्ण भूमिका रहेको हुनाले हाम्रा ऋषि, महर्षिहरूले पनि पाञ्चायन देवता पूजनमा विशेष महत्त्व दिएको पाइन्छ ।

## पत्र-मञ्जुषा

# सहकारीपीडितले न्याय नपाउने नै हुन् त ?

सहकारीमा यतिबेला व्यापक समस्या देखिएको छ । एकपछि अर्को सहकारी भागिरहेको अवस्था छ । यसलाई नजरअन्दाज गर्दै सहकारीमा जति पनि रकम राख्न पाइने विधेयक प्रतिनिधिसभाबाट पारित भएको छ । सो विधेयक राष्ट्रिय सभामा पुगेको छ । राष्ट्रिय सभाले पारित गरेर राष्ट्रपतिबाट प्रमाणित हुनेबित्तिकै यो कानुन बन्छ ।

यसअघि सरकारले सहकारीमा २५ लाख रूपैयाँभन्दा बढी रकम राख्न नपाइने भनेर विधेयकमा समेटेको थियो । तर, सो बुँदा हटाइयो । प्रतिनिधिसभामा भएको समितिले सो बुँदा नै हटाइदिएको हो । बचतकर्तालाई ‘लुट’ भनेर सरकारले कानुन बनाउन लागेको छ । सहकारीमा जटिल समस्या देखिँदा र करोडौं बचतकर्ताको ३८ खर्ब रूपैयाँ सहकारीले झ्वाम्म पारिदिँदासमेत सांसदहरूको आँखा नखुल्नु लाजमर्दो कुरा हो ।

एउटै बचतकर्ताको १५ करोड रूपैयाँसम्म सहकारीले खाइदिएको छ । हजार र लाख डुब्ने त कति हुन् कति ? सदनले जानाजान बचतकर्ता फसाउन खोजेको छ । एउटा सहकारीमा एक लाख रूपैयाँभन्दा बढी बचत गर्न नपाउने नीति ल्याउनुपर्नेमा जति पनि राख्न पाउने भनी कानुन पारित गरिदिनुहुन्छ ?

अहिले लाखौं बचतकर्ता सुकुम्बासी भएका छन्, कारण के ? सरकारमा ‘माफिया’हरू हुँदा यो अवस्था आएको होइन ? सरकारले पहिल्यै सहकारीमा नियमन गरिदिएको भए यो अवस्था नै आउँदैनथ्यो । आफ्नो पैसा डुबेको सहन नसकेर कतिपयले आत्महत्याको बाटो रोजेका छन् ।

अधिकांश डिप्रेसनको रोगी भएका छन् । घरखेत बेचेको पैसा सहकारीले खाइदिएपछि सुकुम्बासी हुनुपरेको छ । योभन्दा कहालीलाग्दो कुरा के होला ? करोडपतिलाई सहकारीले रोडपति बनाइदिएको छ । सहकारीमा पैसा हुनेहरू ‘घर न घाट’ को भएका छन् । यस्तो अवस्था देख्दादेख्दै पनि सहकारीका ‘दलाल’हरूको पक्षमा सरकारले काम गरिरहेको छ ।

सहकारीले घरभित्रै कलह मच्चाइदिएको छ । पारिवारिक सम्बन्ध बिग्रिएको छ । सहकारी सञ्चालकको बद्मासी निरन्तर बाहिरिरहेको छ । सञ्चारमाध्यमले सहकारी सुधारका निम्ति सरकारलाई निरन्तर घच्घचाइरहेका छन् । सरकारले पीडित बचतकर्ताको पैसा फिर्ता गर्न पहल गर्ने कि अझै डुबाउन खोज्ने ?

सरकार जनताप्रति अलिकति पनि जवाफदेही भएन् ? एउटा जिल्लाका मात्र होइन, देशभरका जनताको आँखामा आँशु टिल्पिलाएको छ । कहाँ जाऊँ र के गरु ? भनेर सहकारी पीडितहरू अलपत्र पारेका छन् । सहकारी पीडितले माइतीघर मण्डलामा ६२ दिन आन्दोलन गरे ।

गत साउन १८ गते उनीहरूले बृहत् आन्दोलनसमेत गरे । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री रञ्जिता श्रेष्ठले उनीहरूको आन्दोलन चर्किने भएपछि हतारहतार सातबुँदे सम्झौता गरिन् । तर, खोइ त कार्यान्वयन ? सहकारी पीडितलाई झुक्याउने काम सरकारबाटै भयो ।

पीडितले बारम्बार सहकारीका दलालहरूलाई कारबाही गर्न माग गरिसकेका छन् । तर, सरकारले सुनुवाइ गरेको छैन । सरकारले नै तिनलाई संरक्षण गरेको अवस्था छ, अनि पीडितले कहाँबाट न्याय पाउँछन् ? अहिले पुनः सहकारीकै हितमा काम गरिँदै छ । सहकारी महासंघले जे भन्यो सरकार त्यही गर्छ, पीडितको आवाज कसले सुन्ने ?

सरकारले जुन ऐन ल्याउन खोजिरहेको छ, त्यसले के स्पष्ट हुन्छ भने सहकारी सञ्चालक सबै राजनीतिक दलका झोले हुन् । तिनलाई राजनीतिक दलले नै जोगाउन खोजेका छन् । एउटा घरमा एउटाभन्दा बढी सहकारी खोल्न नपाइने व्यवस्था छ । तर, एउटै घरमा आधा दर्जन बढी सहकारी सञ्चालन भएको थियो ।

‘टोलटोलमा सहकारी, घरघरमा भकारी’ को नारा दिएर सहकारी खोलियो । ती सहकारीले घरघरमा भकारी होइन्, भएको पनि रित्तो पारिदिएका छन् । सहकारी सञ्चालक र कर्मचारी राजनीतिक पार्टीका झोले हुन् । राजनीतिक दलहरूले आफ्नो पार्टीका कार्यकर्तालाई सहकारी खोल्न लगाए ।

सहकारीका सञ्चालक यतिसम्म बद्मास भएकि बयान गरिसाध्य छैन् । बजारबाट पैसा तान्नका लागि ब्याजको प्रलोभन देखाइयो । त्यसपछि विभिन्न अफरहरू ल्याइयो । जन्मदिनमा केक, बूढापाकालाई लौरो । यस्तो गर्दागर्दै सहकारीले सबैलाई डुबायो । सहकारीले जालमा यसरी फसायो कि कोही बाउडिनै सकेनन् ।

एमालेका पदम गिरी, कांग्रेसको गगन थापा र रास्वपाका रवि लामिछाने केही दिनअघि सदनमा सहकारीविरुद्ध बोले । तर, सहकारीमा जति पनि पैसा राख्न पाउने विधेयक पारित हुने बेलामा त तिनीहरू चुइक्क बोलेनन् । कतिसम्म नौटंकी गर्न जानेका हुन् ? यिनीहरूको ढोंग अब जनताले बुझ्न जरुरी छ ।

आमसर्वसाधारणको आँखामा धुँलो झोक्ने काम भइरहेको छ । अघिल्लो दिन सहकारीपीडितको हितमा बोलेझैं गरे, भोलिपल्ट सहकारी सञ्चालकको हितमा आएको विधेयक पारित गरिदिए । यिनीहरूको असली अनुहार जनताले देखिसकेका छन् ।

सहकारी चल्दैन, सहकारी सञ्चालक ‘फटाहा’ हुन् भन्ने कुरा आमसर्वसाधारणले थाहा पाइसकेका छन् ।

सर्वसाधारणले सहकारीमाथि अविश्वास गर्न थालेका छन् । सहकारीमा भएको बचतमाथि शुद्धीकरण विभागले कहिले छानबिन गरेन । सहकारी कालो धन लुकाउने थलो बनेको थियो । राजस्व छलेको, गलत काम गरेर कमाएको पैसा सहकारीमा थियो । सहकारी विभागले पनि कहिल्यै पनि अनुगमनमा चासो देखाएन ।

अब सांसदहरूको मुकुट लगाएको अनुहारमा कोही पनि फस्नुहुँदैन । सरकारले केही गर्दैन भन्ने कुरा प्रस्टै छ । सहकारीमा पैसा राख्नु ‘आफ्नो खुट्टामा आफैं बञ्चरो’ हान्नुसरह हो । जनताबाट चुनिएर गएका जनप्रतिनिधिहरूले जनतालाई रुवाउनेकै हितमा कानुन पारित गरेका छन् । यो कुरा जनताले बिर्सिनु हुँदैन ।

*- रामबीर खत्री, बानेश्वर*

### जानकारी

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online



**अक्षरारम्भ गराउँदै**
बुटवल उपमहानगरपालिका–८ सुखानगरमा रहेको अक्सफोर्ड माध्यमिक विद्यालयमा बुधबार श्रीपञ्चमी तथा सरस्वती पूजाको अवसरमा बालकलाई अक्षरारम्भ गराउँदै ।
*तस्बिर: सुमित्रा अधिकारी/रासस*

# भरतपुर अस्पतालमा मौसमी 'फ्लू' का बिरामी बढे

**नारायणगढ (चितवन)-** विगत केही दिनदेखि चितवनको भरतपुर अस्पतालमा उपचारका लागि आउने बिरामीको संख्या २० प्रतिशतले बढेको छ । मौसमी 'फ्लू'का कारण बिरामीको संख्या बढ्दै गएको हो ।

अस्पतालका चिकित्सकका अनुसार पछिल्लो समय बहिरंग विभागमा रुघा, खोकी, ज्वरो भएर आउने बिरामीको संख्या बढ्दै गएको हो । अस्पतालका वरिष्ठ कन्सल्टेन्ट फिजिसियन डा. प्रमोद पौडेलका अनुसार मौसममा आएको परिवर्तनसँगै भाइरसका कारण लाग्ने इन्फ्लूएन्जाका बिरामीको संख्या बढेको हो । अहिले दैनिक तीनदेखि ४०० हाराहारी बिरामीलाई हेर्दा त्यसको २० प्रतिशतमा भाइरलको समस्या देखिएको हो ।

विगत महिनाको तुलनामा अहिले फ्लूका बिरामीको संख्या बढिरहेको उनले बताए । फ्लू लागेका बिरामीमा रुघा लाग्ने, टाउको दुख्ने, शरीर दुख्ने खोकी लाग्नेलगायतका लक्ष्यण देखिने गरेको उनले बताए । फ्लूको शंका लागेर रगतको परीक्षण गरेर प्रमाणित गर्ने गरेको उनको भनाइ छ ।

उनले भने, 'र्‍यापिट परीक्षण यहीबाट हुने भए पनि अन्य परीक्षण भने राष्ट्रिय प्रयोगशाला पठाउने गरिएको छ ।' मानव शरीरमा इन्फ्लूएन्जा 'ए' र 'बी' हुने गरेको भन्दै उनले अहिले अत्यधिक मात्रामा इन्फ्लूएन्जा ए बढी देखिएको उनले बताए । यो भाइसरका कारण हुने भएकाले आराम गर्ने, पानी धेरै खाने, सामान्य सिटामोलको प्रयोग गर्नुपर्ने उनको भनाइ छ ।

पाँच वर्षभन्दा मुनिका बच्चा र ६० वर्षभन्दामाथिका वृद्धवृद्धामा बढी यो समस्या देखिने उनले जानकारी दिए । 'मधुमेह, उच्च रक्तचाप, मुटुको समस्या भएका, श्वासप्रश्वाससम्बन्धी समस्या भएका, मिर्गौला प्रत्यारोपण गरेका बिरामीलाई निमोनिय बनाउने, श्वासप्रश्वासमा समस्या बनाउने जस्ता लक्षण देखिने हुन्छ,' उनी भन्छन्, 'त्यस्तो अवस्थामा बिरामीलाई भर्ना गरेर औषधि दिनुपर्ने हुनसक्छ ।'

तातोपानी, झोलिलो पदार्थ प्रशस्त सेवन गर्ने, आराम गर्ने, चिसोबाट बच्ने, पौष्टिक तत्त्व सेवन गर्नेलगायतका उपाय अपनाएमा इन्फ्लूएन्जाबाट बच्न सकिने डा. पौडेलले बताए । सावधानीका लागि सामाजिक दुरी कायम गर्न सके उत्तम हुने उनले जानकारी दिए । गत वर्षको तुलनामा यस वर्ष इन्फ्लूएन्जाका बिरामीको संख्या बढेको हुँदा सावधानी अपनाउन उनको सुझाव छ ।

# गोठी गाउँमा गाडी पुग्दा स्थानीय खुसी

**सिमकोट (हुम्ला)-** हुम्लाको दक्षिणी भेगमा अवस्थित सर्केगाड गाउँपालिका-५ को गोठी गाउँपालिकामा पहिलोपटक गाडी पुग्दा स्थानीय खुसी भएका छन् । गाउँपालिका केन्द्र सर्केगाड बजारमा गाडी पुगे पनि गाउँमा सडकले भने छोएको थिएन ।

गाउँमै मंगलबार गाडी र त्यसमा चढेर यात्रु पुगेपछि यहाँका स्थानीय निकै खुसी भएका हुन् । स्थानीय कविन्द्र शाहीले स्थानीयको वर्षौंदेखि गाडी देख्ने सपना पूरा भएपछि बाजागाजासहित खुसियाली मनाएको बताए । सो विकट घरआँगनलाई सडक सञ्जालले जोडेको हेर्ने चाहना पूरा भएको र आवतजावतदेखि सम्पूर्ण सामग्री ढुवानीमा सहज हुने भएको उनले बताए । अब यहाँका स्थानीयले पालिकाको केन्द्रदेखि गोठी गाउँसम्म आवतजावत गर्दा पैदल हिँड्नुपर्ने बाध्यताको अन्त्य भएको छ ।

सडक सञ्जालसँग जोडिएपछि एकसाथ छ वटा बोलेरो जिप गोठी गाउँमा पुगेका थिए । आफ्नै गाउँमा गाडी पुगेको देखेर यहाँका ज्येष्ठ नागरिक पनि खुसी भएका अर्का स्थानीय जैमल शाहीले बताए । गाडी पुगेपछि अब गोठी गाउँ राष्ट्रिय सडक सञ्जालसँगसमेत जोडिएको छ । सर्केगाड गाउँपालिका केन्द्र यसअघि नै राष्ट्रिय सडक सञ्जालसँग जोडिएको थियो ।

गाउँमा ताँती लागेर आएका बोलेरो जिप र त्यसमा रहेका यात्रु तथा सवारी चालकलाई बाजागाजा तथा फूल अबिरले स्वागत गरिएको थियो । गाडी चालकलाई स्थानीयले फूलमाला र अक्षता लगाएर भव्य स्वागत गरेका थिए । दुर्गम गाउँमा गाडी पुगेपछि अब बिरामीदेखि सबैखाले यात्रुलाई यात्रामा सहजमात्र नभएर सामान ढुवानी गर्न पनि सजिलो हुने भएको शाहीले बताए ।

सर्केगार्ड, गोठी, रोडिकोट, फुचा, राहदेव, पंखा हुँदै मारघोरसम्मको सडक निर्माणका लागि पूर्वाधार विकास कार्यालयले चार करोड ४९ लाख रूपैयाँ बजेटको व्यवस्था गरेको थियो । अघिल्लो आर्थिक वर्षबाट सो सडकको निर्माण सुरु भए पनि विष्फोटक पदार्थ व्यवस्था गर्न निर्माण कम्पनीलाई समस्या भएका कारण ढिलागरी सडक निर्माण पूरा भएको हो । उक्त सडक पाँचदेखि १० मिटर चौडाइ छ । *रासस*

# सवारी दुर्घटनामा ज्यान गुमाउनेको संख्या २३ प्रतिशतले बढ्यो

**पर्सा (प्रस)-** सवारी दुर्घटनामा परी मृत्यु हुनेको संख्या पर्सामा बढ्दै गएको छ । गत आर्थिक वर्षको साउनदेखि माघसम्मको तुलनामा चालु आवको सोही अवधिमा सवारी दुर्घटना ५८ प्रतिशत वृद्धि भएको छ भने ज्यान गुमाउनेको संख्या २३ प्रतिशतले बढेको छ ।

गत आवको पहिलो छ महिनामा भएका १३१ सवारी दुर्घटनामा परी २२ जनाको मृत्यु भएको तुलनामा चालु आवको सोही अवधिमा २०७ सवारी दुर्घटना हुँदा मृत्यु हुनेको संख्या २७ पुगेको छ । जिल्लामा भएका कूल सवारी दुर्घटनामध्ये ६५ प्रतिशत दुर्घटना मोटरसाइकलका छन् । मृत्यु हुनेमा मोटरसाइकल चालक नै बढी रहेको जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख प्रहरी निरीक्षक भाष्कर खतिवडाले जानकारी दिए ।

उनले सबैभन्दा बढी सवारी दुर्घटना जिल्लाको ग्रामीण भेगमा हुने गरेको छ । उनले दुर्घटनाको मुख्य कारण द्रुतगतिमा सवारी साधन चलाउनु नै रहेको बताए । सवारी दुर्घटनामा परी मृत्यु हुनेको संख्या वृद्धि भएसँगै दुर्घटनामा परी गम्भीर घाइते हुनेको संख्या १९ प्रतिशत र समान्य घाइतेको संख्या ५० प्रतिशतले वृद्धि भएको जिल्ला ट्राफिक प्रहरी कार्यालयले जनाएको छ ।

गत आवमा भएका सवारी दुर्घटनामा परी गम्भीर ४१ र सामान्य १८१ घाइते भएको तुलनामा चालु आवमा गम्भीर घाइते हुनेको संख्या ४९ र सामान्य घाइतेको संख्या २७१ पुगेको निरीक्षक खतिवडाले जानकारी दिए । उनले बढ्दो सवारी दुर्घटनालाई न्यून गर्न ट्राफिक प्रहरीले जिल्लाका विभिन्न स्थानमा आयोजना गरेको चेतनामूलक कार्यक्रममा ४१ हजारभन्दा बढी व्यक्तिलाई सवारी ऐनबारे जनचेतना दिएको बताए ।


## शिलवन्दी दरभाउ पत्र प्रक्रियाबाट वन पैदावार बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८०/११/०३**

श्री मधु सामुदायिक वन उपभोक्ता समूहको आ.व. २०८०/८१ को विभिन्न सव-कम्पार्टमेन्टहरूमा मा गरिएको झाडिसफाई कार्य मार्फत यस सामुदायिक वनबाट उत्पादन भई समूहको मदुवा स्थित घाटगद्दीमा विभिन्न लट बनाई राखिएको साल बाहेक अन्य नरम जात (रोहणी, असारे, प्यारी, बिसौदा, बकाईनो, भेल्लर आदी) को दाउरा जम्मा ४० चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक वन पैदावारको कार्य गर्न दर्ता भएका स:मिल वा कम्पनीले यो सूचना प्रकाशित मितिले २१ (एक्काईस) दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिमा टाँस गरिएको छ ।

**श्री मधु सामुदायिक वन उपभोक्ता समूह**
**राप्तीसोनारी-२, मदुवा बाँके**



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **SAT ENGINEERING & CONTRACTING SERVICES**

पूर्व स्वीकृति मिति: २०८०/१०/१६ | पुन विज्ञापन स्वीकृति मिति २०८०/११/०२ | LT. No.299123 | चलानी नं. ६०२१४०७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 10 | 0 | 1500 | ५४,२५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Electrician | 80 | 0 | 1200 | ४३,४०५ | | | | | | | |
| 3 | Labour/helper | 80 | 0 | 1000 | ३६,१७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन ११ र १२ गते (23/24 Feb. 2024) सम्म हुनेछ ।
अन्तरवार्ता हुने स्थान: झापामा मिति: २०८० फागुन १३ र १४ गते (25/26 Feb. 2024) सम्म हुनेछ ।
यसै कम्पनीको लागि Electrician, Supervisor, Electrician Foreman को पनि माग भएकाले नि:शुल्क परामर्शको लागि सम्पर्क गर्नुहोला ।
झापाको लागि सम्पर्क: सृजना पौडेल ९८४२७००७१५, काठमाडौंको लागि सम्पर्क: मनु गौतम ९८०३५३६०४६, 01-४६२०७७७

**प्रि-अन्तर्वार्ता संस्थाको कार्यालयमा धमाधम भइरहेको छ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Sunlight Recruitment Service Pvt.Ltd.**
Shantinagar, Kathmandu, Nepal Tel.01-4620777
E-mail: info@sunlightrecruitment.com.np,
sunlightrecruitmentservice@gmail.com
Website : www.sunlightrecruitment.com.np



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **IMDAAD L.L.C.**

पूर्व स्वीकृति मिति: २०८०/०७/२० | पुन विज्ञापन स्वीकृति मिति २०८०/११/०२ | LT. No. 294811 | चलानी नं. ६०२१२४०८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner/general Labourer | 350 | 0 | 800 | २८,९४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cleaner/janitress | 0 | 350 | 900 | ३२,३३५ | | | | | | | |
| 3 | Life Guard | 25 | 25 | 1625 | ५८,३८५ | | | | | | | |
| 4 | Office Boy | 50 | 0 | 1200 | ४३,११५ | | | | | | | |
| 5 | Office Girl | 0 | 50 | 1200 | ४३,११५ | | | | | | | |
| 6 | Rope Access Machine Operator | 25 | 0 | 1500 | ५३,८९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन १० गते (22nd Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १६५२/०८०/०८१
**Yovant Recruitment Services PVT. LTD.)**
Samakhushi-26, Kathamndu, Nepal Phone No.01-4973973
Mob : 9849842264, 9815015291, 9851019844, yovant1652@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **MAJID AWAD MOHAMMED AL OTAIBI OPERATION AND MAINTENANCE ESTABLISHMENT**

पूर्व स्वीकृति मिति २०८०/११/०२ | LT. No. 300003 | चलानी नं. ६०२१४९२८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaning Worker | 100 | 0 | 1000 | ३५,३८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन १० गते (22nd Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १४००/०७४/०७५
**Pashupati HR Solution Pvt. Ltd.**
Pingalasthan, Gaushala, Kathmandu, Nepal
E-mail : pashupatihr17@gmail.com Tel No. 014588454
www.pashupatihr.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **NAZIA ABDUL HAMID MUHAMMAD WASI RESTAURANT FOR SERVING MEALS**

पूर्व स्वीकृति मिति : २०८०/११/०२ | LT. No. 300014 | चलानी नं. : ६०२१४९२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 2 | 0 | 1000 | ३५,३८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन १० गते (22nd Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १५३१/०७८/०७९
**Max Employment Center Pvt. Ltd.**
Bijay Chowk-9 Kathmandu , Nepal
Phone: +977-1-4481066
Email: maxecenter@gmail.com /www.maxecenter.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **SHAWAMER COMPANYLIMITED**

पूर्व स्वीकृति मिति: २०८०/११/०१ | LT. No.299993 | चलानी नं. ६०२१४९२६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Workshop Labor | 7 | 0 | 1000 | ३५,३८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन १० गते (22nd Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ४३५/०६०/०६१
**Prince International Employment Service Pvt. Ltd.**
Samakhusi-26 Ktm, Nepal, Tel : +977-1-4387650, Mobile: 981-3952892, 9706180600
E-mail : info@princeies.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **AL TAWALA TRADING AND CONTRACTING COMPANY**

पूर्व स्वीकृति मिति २०८०/०६/२४ | पुन विज्ञापन स्वीकृति मिति २०८०/११/०२ | LT. No. 293749 | चलानी नं. ६०२०९०५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 12 | 0 | 1900 | ६७,२३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन १० गते (22nd Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**National Exports Manpower Consultant Pvt. Ltd.**
Sinamangal-9, Kathmandu, Nepal, Phone No.: +977-1-4233652
E-mail : nationalexportsmc@gmail.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **SHAMS RESTAURANT COMPANY**

पूर्व स्वीकृति मिति २०८०/०६/०४ | पुन विज्ञापन स्वीकृति मिति २०८०/११/०२ | LT No :292745 | चलानी नं. ६०२०७९४३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Fast Food Maker | 23 | 0 | 130 | ५६,३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : **GHANIYAH BEAUTY SALON COMPANY FOR LADIES**

पूर्व स्वीकृति मिति : २०७९/११/१७ | पुन विज्ञापन स्वीकृति मिति २०८०/११/०२ | LT. No. 281784 | चलानी नं.६०१९७३३५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manicure / Pedicure | 0 | 2 | 140 | ६०,६५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : **RIMINI SWEETS AND PASTRIES COMPANY**

पूर्व स्वीकृति मिति : २०७८/१२/२० | पुन विज्ञापन स्वीकृति मिति २०८०/११/०२ | LT. No. 260896 | चलानी नं.६०१७७१२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Sales Girl | 0 | 15 | 140 | ६०,६५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन १० गते (22nd Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**
Govt. License No. 1352/074/075
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com



## गोरेटो बहुउद्देश्यीय सहकारी संस्था लि.

**Goreto Multipurpose Cooperative ltd.**
चुच्चेपाटी, चावहिल, काठमाडौं । फोन नं.: ५२१०३२२, ५२१००८२

### तपशिलमा उल्लेखित ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने १५ दिने अत्यन्त जरुरी सूचना

प्रकाशित मिति: २०८०/११/०३ (बिहीबार)

तपशिलमा उल्लेखित ऋणीले यस संस्थाबाट मिति २०७७/०६/३० मा हायर पर्चेज कर्जा शिर्षकमा लिएको कर्जा संस्थासंग गरेको कर्जा सम्झौता बमोजिम् नतिरी नबुझाई सम्झौता उल्लंघन गर्नुभएको र ऋणी तथा व्यक्तिगत जमानी कर्ताहरुलाई पटक पटक मौखिक एवंम लिखित तरताकेता गर्दा समेत कर्जा बुझाउने तर्फ कुनै पहल नगरी वेवस्ता गरी बसेको हुनाले निजको नाममा यस संस्थामा रहेका सम्पूर्ण कर्जा चुक्ता भुक्तानी गर्नु हुन यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र यस संस्थामा सम्पर्क राखी बुझाउनुपर्ने कर्जाको सांवा, ब्याज र हर्जाना लाग्ने भए सो समेत अविलम्ब चुक्ता भुक्तानी गर्नुहुन जानकारी गराईन्छ र यदि संस्थालाई तिर्नु बुझाउनु पर्ने कर्जा तिरे बुझाएको भए सो को प्रमाण समेत पेश गर्नु होला । अन्यथा सम्झौता बमोजिम संस्थाले सम्पूर्ण बक्यौता असुल उपर गर्न सहकारी ऐन २०७४ को दफा ७९ बमोजिम आवश्यक कानुनी प्रक्रिया अगाडि बढाईने व्यहोरा समेत यसै सूचनाद्धारा सूचित गरिन्छ ।

**तपशिल**

| क.स. | कर्जा शिर्षक | ऋणीको नाम, थर तथा वतन | व्यक्तिगत जमानीकर्ता |
|---|---|---|---|
| १. | हायर पर्चेज कर्जा | नाम:- डिल बहादुर खत्री<br>बुवा:- बम बहादुर खत्री<br>बाजे:- शिव लाल खत्री<br>स्थायी ठेगाना: गुल्मी जिल्ला, अर्लाडकोट गा.वि.स वडा नं.९<br>हालको ठेगाना: काठमाडौं जिल्ला, का.म.न.पा, वडा नं. ६, सरस्वतीनगर<br>ना.प्र.नं.:- ५३<br>जारी मिति:- २०४६/०२/२३<br> | नाम:- लक्ष्मी देवी खत्री<br>पति:- डिल बहादुर खत्री<br>ससुरा:- बम बहादुर खत्री<br>स्थायी ठेगाना:- ओखलढुंगा जिल्ला, फेदीगुठ गा.बि.स, वडा नं.८<br>हालको ठेगाना:- काठमाडौं जिल्ला, का.म.न.पा, वडा नं. ६, सरस्वतीनगर<br>ना.प्र.नं. ३७३३<br>जारी मिति २०५६/०६/०९ |

प्रभाव दैनिक



### हर्क साम्पाङ अभिनित 'खजुरे ब्रो'को छायांकन सकियो

फिल्म 'खजुरे ब्रो' को छायांकन २५ दिनमै सकिएको छ । पारिवारिक व्यंग्यात्मक 'लाइट कमेडी' जनरामा आधारित फिल्मको निर्माता नवीन मानन्धर हुन् । दिव्य दृश्य इन्टरटेन्टमेन्टको ब्यानरमा सुरज सुनुवार निर्देशन रहेको फिल्म 'खजुरे ब्रो' निर्माणमा सुरजलाई नवीन मानन्धरले साथ दिएका छन् । फिल्मका लेखक समेत निर्माता सुरज हुन् । फिल्ममा नीति शाह, रेयर राई, महेश त्रिपाठी, नवीन मानन्धर, प्रकाश भुजेल, विनीता थापा मगर, सुष्मा निरौला, पुष्कर कार्की, मनिष राउत, प्रेम सुब्बा र सुजाता राई लगायत कलाकारको मुख्य भूमिका छ । फिल्ममा धरानका मेयर हर्क साम्पाङले पनि अतिथि कलाकारको रूपमा काम गरेका छन् ।





# 'मेरी बास्सै'भन्दा कम छैन सापटी काकाको आफ्नै कथा

■ प्रभाव संवाददाता



**काठमाडौं–** उनी 'सापटी काका'का रूपमा चर्चित छन् । उनी अर्थात दिवाकर भण्डारी जति 'सापटी काका'का रूपमा चर्चित छन्, त्योभन्दा उनी निर्देशित हास्य टेलिशृंखला 'मेरी बास्सै' लोकप्रिय छ । 'मेरी बास्सै' मन नपराउने दर्शक सायदै छन् ।

एक किसिमले भन्ने हो भने उनी रंगमञ्चमा 'बादशाह' हुन् । निर्देशक तथा कलाकार भण्डरीले कला क्षेत्रमै तीन दशकभन्दा बढी बिताइसकेका छन् । उनी भन्छन्, 'मेरो रंगमञ्च र कला क्षेत्रमै ३१ वर्ष बितिसक्यो । यो मिहिनेत र संघर्ष अझै जारी छ ।' सापटीको काकाको आफ्नै कथा पनि 'मेरी बास्सै'को भन्दा कम छन् । उनको संघर्षको आरोह-अवरोहरू सिरियलजस्तै कहिँ हँसाउने कतै रुवाउँने खालका छन् ।

२०४९ सालदेखि रंगमञ्च हुँदै अभिनय क्षेत्रमा होमिएका भण्डारीलाई कति नाटकमा काम गरेँ भन्ने कण्ठै छ । '१०९ वटा त नाटक नै गरेँ' उनी भन्छन्, 'मैले सडक नाटकदेखि कचहरी, एकांकी, पूर्णाङ्कीदेखि रेडियो नाटकसम्म गरेको छु ।'

पछिल्लो समय टेलिफिल्म निर्देशन र अभिनयमा व्यस्त भण्डारीले 'मेरी बास्सै'मा झण्डै २ वर्ष कथा लेखन तथा मुख्य सहायक निर्देशकका रूपमा काम गरे । जतिखेर उक्त टेलिफिल्मलाई दमन रूपाखेतीले निर्देशन गर्थे ।

भण्डारीले 'मेरी बास्सै'को ७६४औं शृखलाबाट निर्देशन सम्हालिरहेका हुन् । उनी भन्छन्, 'मेरी बास्सैलाई कसरी दर्शकको मनमा बस्ने बनाऊँ भन्ने मलाई भइरहेको हुन्छ । त्यसैले हरेक एपिसोडमा नयाँ कथा पस्कने गरेको छु ।'

रंगमञ्च हुँदै २०५२ सालमा 'धुन' नामक टेलिफिल्म क्षेत्रमा प्रवेश गरेका भण्डारीले दर्जनौं फिल्ममा अभिनय गरिसकेका छन् । 'मेरी बास्सै'को निर्देशनको जिम्मेवारी लिनुअघि खिचँडी, गडबडी, पुतली, खासखुस लगायतका दर्जनौं टेलिफिल्ममा काम गरेका उनले चिनो, राज, मेरी गंगा, नाइ नभन्नु ल-२, हाँसीदेउ १ फेर जस्ता दर्जन चलचित्रमा समेत काम गरिसकेका छन् ।

अन्नपूर्ण गाउँपालिका-२ कास्कीमा जन्मिएका भण्डारी, अभिनयसँगै लोक दोहोरी गीतसमेत गाउँदै आएका छन् । उनले हालसम्म ८ वटा दोहोरी गीत बजारमा ल्याइसकेका छन् ।

उनी सानै उमेरदेखि सडक नाटकमा सहभागी हुन्थे । अभिनय भनेपछि हुरुक्कै हुने भण्डारीले पहिलोपटक 'धुन'मा अभिनय गरेवापत एक सय रूपैयाँ पारिश्रमिक पाएको बताए । उनी भन्छन्, 'त्यसबेला ८५ रूपैयाँमा आमालाई फरिया किनिदिएको थिएँ । सानोमै बुबा बित्नुभयो, घरको आर्थिक अवस्था नाजुक थियो । आमाले एकजोर लुगाले वर्षौं बिताउनु भएको थियो । त्यहीं कुराले मन पोलिरहन्थ्यो । जब मैले पहिलोपटक पारिश्रमिक पाएँ, त्यसले आमालाई फरिया किनेर लगिदिएँ ।'

'मेरी बास्सै'मा आउनुअघि निकै संघर्ष गर्नुपरेको सुनाउँदै उनले सन्तोष पन्तको टेलिसिरियल खेल्नलाई लाइन लागेको बताए । उनले भने, 'तर, चारपटक प्रयास गर्दा गर्दा पनि हिजो आजका कुरामा खेल्न पाइनँ ।'

कलाकारिताकै सिलसिलामा काठमाडौं धाउँदा भाडा नभएर नयाँ बसपार्कनजिकै ह्युमपाइपमा सुतेको समेत उनले सुनाए । '२०५६ सालतिरको कुरा हो, घरजान भाडा र खान पैसा नभएकाले ह्युमपाइपभित्र सुतेको पनि छु' उनले भने, 'बिहान उठ्दा वरिपरि कुकुरहरू सुतिरहेको भेटेको थिएँ ।'

एकपटक निराश भएर गाउँ फर्किएर साउदी अरब गए । साउदी अरबमा ८ वर्ष काम गरेर फर्किएका भण्डारीले हरेक वर्ष एउटा गीति एल्बम निकालेको बताए । साउदीबाट आएलगत्तै 'मेरी बास्सै'मा खेल्नलाई अनुरोध गरेपनि त्यतिवेला त्यो समूहमा आवद्ध हुन नपाएको उनले बताए । चलचित्रमा खेल्न नपाएपछि विदेशमा कमाएको २२ लाख रूपैयाँ खर्च गरेर चलचित्र बनाएको बताउँदै उनले भने, 'तर, त्यो चलचित्र पनि चल्न सकेन ।'

भण्डारीलाई 'मेरी बास्सै'मा जोड्ने काम राजु पौडेल (राजु मास्टर)ले गरेका थिए । राजु मास्टरलाई भण्डारीले गुरु मान्छन् । राजु मास्टरले लखत्तम भन्ने टेलिसिरियल बनाउँदा सापटी काकालाई भित्राएका थिए ।

शर्ट फिल्म 'इतिहास' बनाएर मिडिया हबमार्फत सार्वजनिक गरेपछि उनी लेखन तथा निर्देशनलाई निरन्तरता दिएका हुन् । निर्देशनको अनुभव सुनाउँदै उनले भने, 'कलाकारले कहिलेकाँही चित्त दुःखाउँछन् । कहिले प्रोडक्सनबाट राम्रो कुरा आउँछ, कहिले हस्तक्षेप पनि हुन्छ । यो एउटा कर्म हो यतिको त हुनैपर्छ ।'

# पोस्टरमा 'बोक्सीको घर'

■ प्रभाव संवाददाता

**काठमाडौं–** अभिनेत्री केकी अधिकारीले निर्माण गरेको फिल्म 'बोक्सीको घर' को फस्ट लुक्स पोस्टर रिलिज गरिएको छ । केकीले प्रेम दिवसको अवसर फिल्मको पोष्टर सार्वजनिक गरेकी हुन् ।

फिल्मप्रति दर्शकको प्रेम अटुट रहने अपेक्षासहित निर्माण युनिटले आज फस्ट लुक सार्वजनिक गरेको हो । फिल्मको रिलिज मिति वैशाख १४ तोकिएको छ । सार्वजनिक पोस्टर पूर्ण रूपमा नेपाली समाजले बोक्सीका बारेमा बनाएको धारणामा आधारित छ । पोस्टरमा फिल्मको नामसँग मिल्ने गरी बिम्बात्मक रूपमा डिजाइन गरिएको छ ।

सुलक्षण भारतीको लेखन तथा निर्देशन रहेको फिल्ममा केकी अधिकारी फिल्मस्ले निर्माण गरेको हो । फिल्मका निर्माता केकीका बाबु बद्री अधिकारी र कार्यकारी निर्माता राज घिमिरे हुन् ।

फिल्ममा केकीका अलवा सुपला सापकोटा, स्वेच्छा




राउत, सुलक्षण भारती, रमा थपलिया, सुष्मा निरौला, सबिन बास्तोला लगायतको अभिनय छ । शिवराम श्रेष्ठको छायाङ्कन, लोकेश बज्राचार्यले सम्पादन रहेको फिल्म टिफल्क फिल्मसले गर्दैछ ।

# 'मेयर'को शुभ-मुहूर्त



**काठमाडौं (प्रस)–** दीपेन्द्र के.खनालको निर्देशन रहने फिल्म 'मेयर' को शुभ-मुहूर्त गरिएको छ । बुधवार सरस्वती पूजाको अवसर पारेर नारायणहिटी मन्दिरमा आयोजित एक कार्यक्रमकाबिच फिल्मको शुभ-मुहूर्त गरिएको हो ।

क्यामर तथा स्क्रिप्ट पूजा समेत गरिएको मुहूर्तमा कलाकार खगेन्द्र लामिछाने, वर्षा राउत, अनुप बराल, रमेश बुढाथोकी लगायत थुप्रै कलाकारको सहभागिता थियो । केही राम्रो काम गरेरै छोड्छु भन्ने दृढ सपना भएको मान्छेले कठिन परिस्थिति, घात प्रतिघातका बिचमा पनि सङ्घर्ष गरेर समाजलाई आर्थिक, सामाजिक र शैक्षिक रूपमा कसरी राम्रो बाटोमा डोर्याउन सक्छ भन्ने विषयमा फिल्मको कथा केन्द्रित रहेर फिल्म बन्न लागेको हो ।

फिल्मको कथा सर्लाही जिल्ला, बागमती नगरपालिकाका वर्तमान मेयर भरत थापाको जीवन सङ्घर्षलाई आधार मानेर तयार पारिएको निर्माण युनिटले कार्यक्रममा जानकारी गरायो । फिल्मको कार्यकारी निर्माता पनि निर्देशन दीपेन्द्र के. खनाल नै हुन् । शर्मिला पाण्डे र श्रृष्टिमाँ खनाल निर्माता रहेको फिल्ममा पटकथा महेश दवाडीले लेखेका छन् । कृष्णबहादुर थापाको छायाङ्कन रहने फिल्ममा जयन जे वाइबा र कल्याण सिंहको सङ्गीत रहनेछ ।

फिल्ममा खगेन्द्र लामिछाने, वर्षा राउत, अर्पण थापा, अनुप बराल, दिव्यदेव, प्रकाश घिमिरे, हरिहर शर्मा, रवीन्द्र झा, रमेश बुढाथोकी, अर्विशा थापा, सन्जोग रसाइली, अशान्त शर्मा, प्रभाकर न्यौपाने, झकेन बिसी लगायत अन्य कलाकारको अभिनय रहनेछ । फिल्मबाट श्रृष्टिमाँ खनाल र अर्विशा थापा कलाकारको रूपमा डेब्यु गर्दैछन् । सर्लाहीका विभिन्न स्थानमा खिचिने फिल्म फागुनको १५ गतेबाट छायाङ्कन सुरु हुनेछ ।



## एसिसी महिला प्रिमियर लिगः

# कुवेतलाई हराउँदै नेपाल सेमिफाइनलमा



■ प्रभाव संवाददाता

**काठमाडौं–** कुवेतलाई हराउँदै नेपाल एसिसी महिला प्रिमियर कप क्रिकेट प्रतियोगिताको सेमिफाइनमा प्रवेश गरेको छ ।

मलेसियाको क्वालालाम्पुरस्थित वाइएसडी युकेएम क्रिकेट मैदानमा बुधबार भएको खेलमा नेपालले कुवेतलाई आठ विकेटले पराजित गर्दै सेमिफाइनलमा पुगेको हो । टस जितेर पहिला ब्याटिङ रोजेको कुवेतले नेपाललाई ७४ रनको लक्ष्य दिएको थियो ।

ब्याटिङ गर्ने क्रममा वर्षाले खेल प्रभावित बनेको थियो । नेपालले १२ ओभरमा ५० रन बनाउनु पर्ने लक्ष्य पाएकामा ६ दशमलव ५ ओभरमा दुई विकेट गुमाउँदै लक्ष्य पूरा गर्‍यो ।

नेपालको जितमा कप्तान इन्दु बर्माले सर्वाधिक २२ रन बनाइन् । उनले २१ बलमा एक चौकाको साहयताले अविजित २२ रन बनाएकी हुन् । त्यस्तै सीता रानामगरले १७ रन जोडिन् भने कविता जोशीले अविजित ४ रन बनाइन् । बलिङतर्फ कुवेतकी मारयाम ओमरले एक विकेट लिइन् ।

यसअघि कुवेतले निर्धारित २० ओभरमा ९ विकेट गुमाउँदै ७३ रनको योगफल बनाएको थियो । कुवेतका लागि प्रियदा मुरलीले सर्वाधिक २९ रनको योगदान दिइन् । उनले ३३ बलमा तीन चौका र एक छक्काको मद्दतमा २९ रन बनाएकी हुन् । त्यस्तै खादिजा खालिल र सान्थी बलासुब्रमानीले समान १३/१३ रन जोडे ।

कुवेतलाई ७३ रनमा समेट्नेक्रममा नेपालकी सीता राना मगरले ह्याट्रिक विकेट लिइन् भने रुबिना क्षेत्री र कविता कुँवरले समान दुई/दुई विकेट लिए ।

नेपाल समूह 'डी' को विजेता तथा कुवेत समूह 'ए' को उपविजेताका रूपमा क्वाटरफाइनलमा प्रवेश गरेका हुन् । नेपालले समुह चरणको खेलमा हङकङ, भुटान र माल्दिभ्सलाई पराजित गरेको थियो । योजितसँगै सेमिफाइनल खेलमा नेपालले आयोजक मलेसियाको सामना गर्नेछ ।

प्रतियोगिताको फाइनलमा पुग्ने दुई टोलीले आगामी सेप्टेम्बरमा आयोजना हुने एसिया कप क्रिकेटमा सहभागिता जनाउन पाउनेछन् ।

## आइसिसी विश्वकप लिग-२

# आज नेपाल र नामिबिया भिड्ने

■ प्रभाव संवाददाता

**काठमाडौं –** आइसिसी विश्वकप लिग-२ आजदेखि सुरु हुँदैछ । नेदरल्याण्ड, नामिबिया र नेपाल सहभागि रहेको उक्त प्रतियोगिताको पहिलो खेलमा आज (बिहीबार) नेपाल र नामिबिया भिड्ने भएका छन् ।

नेपालले तीन वर्षको लिग-२ साइकल बिहीबारदेखि तीन देशीय श्रृंखलाबाट सुरुवात गर्दैछ । नेपालका कप्तान रोहित पौडेलले गत संस्करणको लिग-२ मा सुखद् सुरुवात हुन नसकेको उल्लेख गर्दै यस पटक राम्रो नतिजा निकाल्ने आशा व्यक्त गरेका छन् । नेपालले नेदरल्याण्ड्स र नामिबियासँग घरेलु मैदानमा त्रिदेशीय श्रृंखलाबाट आइसिसी विश्वकप लिग-२ (२०२३-२०२७) को सुरुवात गर्न लागेको हो । नामिबिया यो साइकलको डेब्युटेन्ट टोली पनि हो ।



नेपालका प्रशिक्षक मोन्टी देसाईले घरेलु मैदान प्रतियोगिताबाट क्यानडासँगको श्रृंखला राम्रो गरेको उल्लेख गरेको उल्लेख गर्दै यस श्रृंखलामा पनि सुखद् सुरुवात गर्ने धारणा राखे । क्यानडाको श्रृंखलाबाट नै लिग-२ का लागि नेपालको तयारीबारे स्पष्ट भएको प्रशिक्षक मोन्टीले बताएका छन् । उनले दुवै टोली बलियो रहे पनि आफूहरू हरेक बलका लागि खेल्ने बताए ।

प्रशिक्षक मोन्टीले आफ्नो टोलीमा हरेक खेलाडी आफ्नो जिम्मेवारीमा राम्रो क्रिकेट खेल्न सक्ने क्षमताको रहेको विश्वास गरेका छन् । नामिबियाका कप्तान जेरार्ड इरामसले पनि नेपालको श्रृंखलामा सुखद् नतिजा ल्याउने विश्वास व्यक्त गरेका छन् । नेदरल्याण्ड्सका कप्तान स्कट इडवार्डले ट्वान्टी-२० फरम्याटको क्रिकेटमा जस्तै एकदिवसीय क्रिकेटमा पनि राम्रो नतिजा ल्याउने बताएका छन् । उनले नेपाललाई दर्शकको राम्रो साथ हुने भएपनि आफूहरू त्यसमा खुशी नै हुने धारणा राखे ।

नेपालले यो त्रिदेशीय श्रृंखलामा कुल चार खेल खेल्नेछ । पहिलो खेलमा बिहीवार नामिबियासँग खेल्नेछ भने दोस्रो खेल आगामी फेब्रुअरी १७ मा खेल्ने तालिका छ । यी दुवै खेलमा नेपालका अलराउण्डर दीपेन्द्रसिंह ऐरी हुने छैनन् । उनी व्यावसायिक क्रिकेट लिग खेल्न संयुक्त अरब इमिरेट्स (युएइ) मा छन् ।

# नेपाल 'ए' टिमको घोषणा

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल क्रिकेट संघ क्यानले नेपाल 'ए' टिमको घोषणा गरेको छ । राष्ट्रिय टिम बाहिर रहेका खेलाडीलाई समावेश गर्दै क्यानले नेपाल एको घोषणा गरेको हो ।

बिनोद भण्डारीको कप्तानीमा घोषणा गरिएको नेपाल एमा राष्ट्रिय टिमबाट खेलिसकेका खेलाडी र पछिल्लो घरेलु प्रतियोगितामा उत्कृष्ट प्रर्दशन गरेका खेलाडी समावेश गरिएको छ । भण्डारी कप्तान रहेको नेपाल एमा आशुतोष घिरैया, अर्जुन कुमाल, बासिर अहमद, विवेक यादव, हेमन्त धामी, किरण ठगुन्ना, मायान यादव, प्रजित जिसी, रसिद खान, रिजन ढकाल, सागर ढकाल, सहाब आलम, सन्दीप जोरा, शेर मल्ल र सुजन थपलिया रहेका छन् ।

क्यानले नेपालको ए टिम हेर्ने जिम्मेवारी प्रशिक्षकको रूपमा ज्ञानेन्द्र मल्ललाई दिएको छ । घरेलु क्रिकेटमा विभागीय टिमको नेतृत्व गरिरहेका ज्ञानेन्द्रले पहिलो पटक क्यानको टिम हेर्ने जिम्मेवारी पाएका हुन् । उनले भर्खरै सिंगापुरमा लेभल टूको कोचिङ कोर्स पुरा गरेका थिए । नेपाली टिमको प्रशिक्षकमा मल्लसँगै कलाम अली रहेका छन् । नेपाल एले क्यानडासँग टी ट्वान्टी सिरिज खेल्ने तालिका रहेको छ ।

राष्ट्रिय टिम डब्लूसीएल लिग टूमा ब्यस्त रहदाँ नेपाल एले क्यानडासँग टी-ट्वान्टी म्याच खेल्नेछ । क्यानले नेपालको ए टिम तयार रहेर राष्ट्रिय टिमका लागि सधै ब्याकअप टिम राख्ने यसअघि घोषणा गरेको थियो । सोही अनुसार राष्ट्रिय टिमको विकल्पको रूपमा ए टिम घोषणा गरिएको हो ।

# बाइडेनको आग्रहका बावजुद अमेरिकी सभामुखद्वारा युक्रेनको सहयोग अस्वीकार



**वासिङ्टन-** अमेरिकी प्रतिनिधिसभाका सभामुखले रूसी नेता भ्लादिमिर पुटिनविरुद्ध उभिनका लागि युक्रेनलाई युद्ध सहायता प्रदान गर्न आवश्यक रहेको अमेरिकी राष्ट्रपति जो बाइडेनको आग्रहलाई बेवास्ता गर्दै मंगलबार युक्रेनका लागि युद्ध सहायता रोकेका छन् ।

आगामी नोभेम्बरमा हुने राष्ट्रपतीय निर्वाचनमा बाइडेनका सम्भावित प्रतिद्वन्द्वी डोनाल्ड ट्रम्पसँग निकट रहेर काम गर्ने सभामुख माइक जोनसनले आफूले विधेयकमाथिको मतदानलाई अगाडि बढाउने कुनै मनसाय नरहेको बताएका छन् । 'मैले पक्कै पनि दिने छैन,' उनले भने ।

उक्त विधेयक मंगलबार सिनेटमा पारित भएको थियो । यसमा मुख्यतया पश्चिमसमर्थक युक्रेनको सुरक्षाका साथै इजरायल र ताइवानको शीर्ष अमेरिकी रणनीतिक प्राथमिकताहरूको लागि ९५ अर्ब अमेरिकी डलरको कोष समावेश छ ।

ह्वाइट हाउसमा बाइडेनले अमेरिकी सहयोगी राष्ट्रलाई सहयोग गर्नु र विशेषगरी युक्रेनले दुई वर्षदेखि जारी रूसी आक्रमणलाई रोक्न संघर्ष गरिरहेको अवस्थामा सहयोग गर्नु आधारभूत जिम्मेवारी भएको बताएका छन् । 'इतिहासले चिहाइरहेको छ,' बाइडेनले टेलिभिजनमा पाँचपटक उक्त वाक्यांश दोहोऱ्याउँदै भने । 'यो विधेयकको समर्थन गर्नु पुटिनको विपक्षमा उभिनु हो । यसको विरोध गर्नु पुटिनको हातमा खेल्नु हो,' डेमोक्र्याटिक पार्टीका नेता तथा अमेरिकी राष्ट्रपति बाइडेनले भने ।

पूर्वराष्ट्रपति ट्रम्पले आर्थिक प्रतिबद्धता पूरा गर्न असफल भएका नेटो सदस्य राष्ट्रहरूमाथि आक्रमण गर्न रूसलाई प्रोत्साहित गरेपछि राष्ट्रपति बाइडेनले ट्रम्पको पनि आलोचना गरेका थिए ।

राष्ट्रपति बाइडेनले भने, 'भगवान्लाई साक्षी राखेर बोल्नुपर्छ, बास्तवमा यो मूर्ख र लाजमर्दो कुरा हो । यो खतरनाक छ । यो गैरअमेरिकी निर्णय हो,' बाइडेनले भने । दुईपटक महाभियोग लागेका ट्रम्पले पश्चिमी सैन्य गठबन्धनलाई 'प्रोटेक्सन र्‍याकेट'का रूपमा हेरेका छन् । उनले थपे, 'अमेरिकी इतिहासमा कुनै पनि राष्ट्रपतिले रूसी 'अधिनायकवाद'सामु झुकेका छैनन् ।'

संसद् (अमेरिकी कंग्रेस) मा रहेको अस्तव्यस्तताका कारण युक्रेनलाई दिने अमेरिकी सहयोग महिनौंदेखि ठप्प भएको छ भने युक्रेनी नेताहरूले बढ्दो रूसी आक्रमणको सामना गर्न मद्दतको याचना गरिरहेका छन् ।

सिनेटको ९५ अर्ब डलरको प्याकेजमा इजरायली सेना र ताइवानका लागि आर्थिक सहयोग समावेश गरिएको छ तर ६० अर्ब अमेरिकी डलरको ठूलो हिस्साले युक्रेनलाई गोलाबारुद आपूर्ति, हतियार र अन्य महत्त्वपूर्ण आवश्यकताहरूको पुनः भण्डारण गर्न मद्दत गर्ने छ ।

केही रिपब्लिकनहरूले ट्रम्पको पर्दा पछाडिको चालबाजीलाई अस्वीकार गरेपछि यो सिनेटमा सजिलै पारित भएको थियो । जोनसनले मेक्सिकोको सीमापार संयुक्त राज्य अमेरिकामा अवैध आप्रवासन रोक्न कडा नयाँ उपायहरूविना युक्रेनको सुरक्षालाई सम्बोधन गर्न नसक्ने बताएका छन् । उनले भने, 'हामी वास्तवमा यो सीमामा नियन्त्रण प्राप्त गर्न अमेरिकी जनताप्रति ऋणी छौं ।'

वास्तवमा, दशकौंमा सबैभन्दा कठोर नयाँ अमेरिकी सीमा सुरक्षा उपायहरू लागू नगरिकन विदेशी सहायता प्रदान गर्न सिनेटमा डेमोक्र्याटहरूले पहिले नै रिपब्लिकनहरूसँग मिलेर संयुक्त विधेयक तयार गर्न सहकार्य गरिसकेका छन् । उक्त विधेयक सिनेटमा अनुमोदनका लागि राखिएको थियो तर जोनसनले सदनमा यसलाई रोक्ने घोषणा गरेका छ ।

यसले सिनेटलाई उक्त संस्करणलाई त्याग्न र मंगलबारको नयाँ विदेशी सहायता-मात्र विधेयकमा प्रवेश गराउन उत्प्रेरित गरेको थियो । यसलाई जोनसनले फेरि एकपटक अस्वीकार गरेका छन् ।

गत चुनावमा पराजित भए पनि रिपब्लिकन पार्टीमा प्रभुत्व जमाएका र अहिले चारवटा छुट्टाछुट्टै मुद्दामा ९१ वटा आपराधिक मुद्दा खेपिरहेका ट्रम्पले यो अवधिभरि नै कंग्रेसको लगाम खिच्न सफल भएका छन् ।

उनले युक्रेनलाई रूसविरुद्धको लडाइँमा सहयोग गर्ने कुराको विरोध गर्दै आफू निर्वाचित भएमा एक दिनमै युद्धको वैकल्पिक समाधान गर्ने बताउँदै आएका छन् । उनले सांसदहरूलाई अमेरिकी सीमा सुधारसम्बन्धी विधेयकलाई पारित नगर्न खुलेआम आह्वान गरेका छन् ।

बाइडेनले ट्रम्पले सीमा विवादलाई राजनीतिक प्रहारका रूपमा प्रयोग गरेको आरोप लगाएका छन् । *रासस⁄एएफपी*

# हावाहुरीका कारण अस्ट्रेलियामा करिब दुई लाख घरमा विद्युत् सेवा अवरूद्ध

**मेलबर्न-** शक्तिशाली आँधीका कारण पूर्वी अस्ट्रेलियामा एक लाख ७४ हजार घर तथा व्यवसायमा क्षति पुगेको अधिकारीहरूले बुधबार बताएका छन् । भिक्टोरिया राज्यको ठूलो भूभागमा मंगलबार खराब मौसमका कारण १५० किलोमिटर प्रतिघण्टा (९० माइल प्रतिघण्टा) भन्दा बढीको हुरी चलेको राज्य सरकार र आपत्कालीन सेवाहरूले बताएका छन् ।

भिक्टोरिया प्रहरीले एक विज्ञप्ति जारी गर्दै ५० वर्षीय एक डेरी किसानको छतमा काम गर्ने क्रममा उडेको भग्नावशेषले किचेर मृत्यु भएको जनाएको छ । आँधीका कारण मेलबर्नको पश्चिममा रहेको ग्रामपियन क्षेत्रमा पनि डढेलो लागेको र एउटा सानो सहरका केही घर टहरा जलेर नष्ट भएको राज्यको अग्नि नियन्त्रण प्राधिकरणले जनाएको छ ।

अस्ट्रेलियाली इन्धन बजार सञ्चालकका अनुसार आँधीका कारण सुरूमा पाँच लाख ३० हजार घर परिवार तथा व्यवसाय विद्युत्विहीन बनेका छन् । बुधबार दिउँसोसम्म पनि करिब एक लाख ७४ हजार घर परिवार विद्युत् सेवाबाट बञ्चित भएको बताइएको छ ।

प्राधिकरणले भनेको छ, 'व्यापक क्षतिको मात्रालाई ध्यानमा राख्दै प्रभावित सबैलाई पुनः विद्युत् सेवा सञ्चालन गर्न केही दिन लाग्न सक्ने देखिन्छ ।' हावाहुरीले घरका छाना उडाएको, रुख र बिजुलीका खम्बाहरू ढलाएको सञ्चारमाध्यम र सामाजिक सञ्जालमा सेयर गरिएका तस्बिरहरूमा देखिएको छ ।

राज्यको ऊर्जा प्राधिकरणका अनुसार ढलेको ट्रान्समिसन टावरका कारण भिक्टोरियाको सबैभन्दा ठूलो बिजुली जेनेरेटर लोय याङ ए बन्द भएको छ भने यसलाई अहिले ग्रिडमा पुनः जडान गर्ने काम भइरहेको छ । भिक्टोरियाका ऊर्जामन्त्री लिली डी एम्ब्रोसियोले भने, 'यो राज्यको इतिहासमा सबैभन्दा ठूलो विद्युत सेवा अवरोध घटनामध्ये एक हो ।'

भिक्टोरिया राज्यका आपत्कालीन व्यवस्थापन आयुक्त रिक नुगेन्टले चटचाङका कारण भिक्टोरियामा 'धेरै पटक आगलागी' भएको बताए ।

नुगेन्टले पत्रकार सम्मेलनमा भने, 'अति प्रभावित ग्रामपियन क्षेत्रमा आगोको ज्वालाले पोमोनलमा 'धेरै आवासीय घरहरू' जलाएको छ । ती घरहरूमा सयौं बासिन्दाहरू बसोबास गर्दै आएका थिए ।'

मेलबर्नको द एज पत्रिकामा प्रकाशित एक रिपोर्टअनुसार कति घरमा क्षति भयो भन्नेबारे अहिले नै भन्न सकिने अवस्था नरहेको राज्यका अग्निनियन्त्रक अधिकारीले बताएका छन् ।

भिक्टोरियाली अधिकारीहरूले राज्यभर डढेलो र मौसमको चेतावनी कम गरिएकाले विद्युत् आपूर्ति सञ्चालन गर्न र आगलागीबाट भएको क्षतिको पूर्ण मात्रा पत्ता लगाउन काम गरिरहेको बताएका छन् । *रासस⁄एएफपी*

# रफाहमा नरसंहार निम्त्याउन सक्ने चेतावनी

**जेनेभा-** राफाह इजरायली सैन्य कारबाहीले गाजामा नरसंहार निम्त्याई निरीह मानिसहरू मृत्यु हुनसक्ने चेतावनी संयुक्त राष्ट्रसंघीय मानवीय मामिला उपमहासचिव मार्टिन ग्रिफिथ्सले मंगलबार जारी गरेका छन् ।

उनले दक्षिणी गाजाको रफाहमा स्थल आक्रमणको खतरनाक परिणामविरुद्ध अन्तर्राष्ट्रिय समुदायको चेतावनीलाई उल्लेख गर्दै इजरायलले उनीहरूको आह्वानको बेवास्ता नगर्ने विश्वास व्यक्त गरेका छन् । रफाह र गाजाका मानिसहरू आक्रमणको सिकार भएको बताउँदै उनले यसको तीव्रता, क्रुरता र दायरा अतुलनीय भएको उल्लेख गरेका छन् ।

मानवीय सहायताकर्मीले चार महिनाभन्दा बढी समयदेखि अप्ठेरोमा परेका मानिसहरूलाई सहयोग गर्न करिव असम्भव रहेको कुरामा जोड दिँदै उनले सुरक्षा सुनिश्चितता, सहायता आपूर्ति तथा कामलाई निरन्तरता दिने कर्मचारी क्षमताको अभाव रहने चेतावनी दिए ।

मानवीय मामिला समन्वयका लागि संयुक्त राष्ट्रंघीय कार्यालय (ओसिएएचए)ले मंगलबार गाजाको स्वास्थ्य मन्त्रालय (एमओएच) लाई उद्धृत गर्दै २४ घण्टाभित्र इजरायली आक्रमणबाट थप १३३ प्यालेस्टिनीको मृत्यु भएको तथा १६२ प्यालेस्टिनीहरू घाइते भएको जनाएको छ । *रासस⁄सिन्ह्वा*

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NAIF MUHAMMAD AL-QAHTANI CONTRACTING EST.

पूर्व स्वीकृति मिति २०८०/११/०१ LT. No. 299952 चलानी नं. ६०२१४९३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 6 | 0 | 1800 | ६३,६९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ARABIAN SPANISH FOOD COMPANY

पूर्व स्वीकृति मिति २०८०/११/०१ LT. No. 299953 चलानी नं. ६०२१४९३३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 5 | 0 | 1000 | ३५,३८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन १० गते (22nd Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

License No. : 1563/079/080

HAMDAN GLOBAL PVT. LTD.

Sinamangal - 9, Kathmandu (Opposite of Hope hospital), Tel: +977 1 5915082 / 83
Email: hamdanglobalnepal@gmail.com, Web: www.hamdanglobal.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BHANU CLEANING AND CONTRACTING

पुर्व स्वीकृति मिति २०८०/०९/१६ पुन विज्ञापन स्वीकृति मिति २०८०/११/०२ LT. No. 297414 चलानी नं. ६०२१२४४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant Gen | 0 | 1 | 3600 | १३१,९३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Buidling Worker | 3 | 0 | 1000 | ३६,६६० | | | | | | | |
| 3 | Carpenter | 3 | 0 | 1200 | ४४,००० | | | | | | | |
| 4 | Cashier | 0 | 1 | 1500 | ५४,९८५ | | | | | | | |
| 5 | Driver | 2 | 0 | 1500 | ५४,९८५ | | | | | | | |
| 6 | Foreman | 5 | 0 | 2500 | ९१,६४५ | | | | | | | |
| 7 | General Clean Worker | 8 | 1 | 1000 | ३६,६६० | | | | | | | |
| 8 | Helper | 5 | 0 | 1000 | ३६,६६० | | | | | | | |
| 9 | Labour | 24 | 0 | 1000 | ३६,६६० | | | | | | | |
| 10 | Labour Services | 5 | 0 | 1000 | ३६,६६० | | | | | | | |
| 11 | Mason | 6 | 0 | 1200 | ४४,००० | | | | | | | |
| 12 | Painter | 3 | 0 | 1200 | ४४,००० | | | | | | | |
| 13 | Plaster Worker | 3 | 0 | 1200 | ४४,००० | | | | | | | |
| 14 | Receptionist | 1 | 0 | 1500 | ५४,९८५ | | | | | | | |
| 15 | Supervisor | 4 | 0 | 3000 | १०९,९७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० फागुन १० गते (22nd Feb. 2024) मा हुनेछ ।ज

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

JALAJALA RECRUITMENT PVT.LTD

श्रम इजाजत नं. १२२४/०७४/०७५

Samakhusi-29, Kathmandu, BAGMATI. Tel: 014950900, 014950257
E-mail: jalajalarecru2017@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MASAR COFFEE CORPORATION FOR PROVIDING DRINKS

पूर्व स्वीकृति मिति २०८०/११/०१ LT. No. 299895 चलानी नं. ६०२१४८९३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | food and beverage counter worker | 6 | 0 | 1200 | ४२,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० फागुन १० गते (22nd Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)

श्रम इजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MISS ALWAR LADIES BEAUTY SALON COMPANY

पूर्व स्वीकृति मिति : २०८०/११/०२ LT. No. 299962 चलानी नं.६०२१४९२२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hairdresser | 0 | 2 | 150 | ६४,९८५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Nail Technician | 0 | 2 | 150 | ६४,९८५ | | | | | | | |
| 3 | Pedicure Manicure | 0 | 2 | 150 | ६४,९८५ | | | | | | | |

कम्पनी : MIDAS INTERNATIONAL GENERAL TRADING CO.

पूर्व स्वीकृति मिति : २०८०/११/०१ LT. No. 299963 चलानी नं.६०२१४९१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labor | 10 | 0 | 85 | ३६,८२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL WAZZAN NATIONAL COMPANY FOR GENERAL TRADING AND COMPANY

पूर्व स्वीकृति मिति : २०८०/११/०१ LT. No. 299961 चलानी नं.६०२१४९११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Sellers | 4 | 0 | 135 | ५८,४८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० फागुन १० गते (22nd Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

EXPRESS RECRUITER NEPAL
Govt. License No. 1613/079/080

EXPRESS RECRUITER NEPAL PVT. LTD

Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897
E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com

## कोल्हवी नगर कार्यपालिका
## नगर कार्यपालिकाको कार्यालय
कोल्हवी, बारा
मधेश प्रदेश, नेपाल

## कर्मचारी आवश्यक्ता सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति: २०८०/११/०३

पालिका क्षयरोग मुक्त अभियान कार्यक्रम अन्तर्गत यस कोल्हवी नगरपालिकामा देहायको पदको लागि सेवा करारमा प्रतियोगात्मक परिक्षाद्धारा पदपुर्ति गर्नु पर्ने भएकोले योग्यता पुगेका उम्मेदवारहरुबाट दरखास्त आव्हान गरिन्छ । तोकिएको न्युनतम् योग्यता पुगेका उम्मेदवारहरुले १५ दिन भित्र यस पालिकाको कार्यालयमा दरखास्त आवेदन दिनुपर्नेछ ।

| क्र.स. | विज्ञापन नं. | पद/तह | जम्मा माग पद संख्या | दरखास्त दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १. | विज्ञापन नं.२/२०८०/८१ | क्षयरोग मुक्त अभियान संयोजक | १ (एक) | रु १०००/०० | |

परिक्षाको किसिम: अर्न्तवार्ता
सम्पर्क मिति: म्याद सकिएको दिनको भोली ।
परिक्षा मिति: पछि तोकिनेछ ।
सेवा सुविधा: पालिकाको निर्णयानुसार

**आवश्यक न्युनतम योग्यता**

१. मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा जनस्वास्थ्य विषय वा सो सरहको विषयमा स्नातक ।
२. सम्बन्धित परिषदमा दर्ता भएको हुनु पर्ने ।
३. प्रचलित कानुन बमोजिम योग्य नागरिक ।

**उम्मेदवारले पेश गर्नुपर्ने कागजातहरु**

दरखास्त दिन चाहने उम्मेदवारहरुले दरखास्त दिने समयमा देहाय अनुसारको कागजातहरु तयार गरी पेश गर्नुपर्ने छ । छोटो सुचिबाट अन्तरवार्ताका लागि छनौट भएपछि अन्तरवार्ता दिन आउदा त्यस्ता कागजातहरुको सक्कल लिई आउनु पर्नेछ ।

१. शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपी
२. नागरिक्ताको प्रमाणित प्रतिलिपी
३. सम्बन्धित परिषदमा दर्ता भएको प्रमाणित प्रतिलिपी
४. तालिम, कार्य अनुभवको प्रमाणित प्रतिलिपी (भएमा)

**द्रष्टव्य: ३ वर्ष स्वास्थ्य प्रणाली र १ वर्ष क्षयरोग कार्यक्रमको अनुभव भएकालाई विशेष ग्राह्यता दिइनेछ ।**

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सन्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्चाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ११७७०० | प्रति तोला – ११७१५० | प्रति तोला – १३९५ |



**हिमाल नजिक पर्यटक** | सुर्मा गाउँपालिका-४ मा पर्ने ठूली उकाली हिमालमा आन्तरिक पर्यकट रमाउँदै । चार जहार ५०० मिटर उचाइँको ठूली उकाली हिमालमा बाह्रैमास हिउँ भइरहने हिमाल हो । *तस्बिर : भूमिराज पिठातोली/रासस*

# दश मेगावाटसम्मको पिपिए खुलाइने

■ प्रभाव संवाददाता

**काठमाडौं –** नेपाल विद्युत् प्राधिकरणले दश मेगावाटसम्मका जलविद्युत् आयोजनाको विद्युत् खरिद-बिक्री सम्झौता (पिपिए) खुल्ला गर्ने निर्णय गरेको छ । गत माघ २४ मा बसेको प्राधिकरण सञ्चालक समितिको ९६३औं बैठकले १० मेगावाटसम्मका नदी प्रवाही (आरओआर) र अर्धजलाशययुक्त (पिआरओआर) जलविद्युत् आयोजनासँग पिपिए खुलाउने निर्णय गरेको हो ।

दश मेगावाटसम्मका जलविद्युत् आयोजनाको विद्युत् 'लेउ या तिर' (टेक अर पे) प्रावधानका आधारमा खरिद गरिने प्राधिकरणले जनाएको छ । आयोजनाको विद्युत् सुक्खायाम (मङ्सिर १५ देखि जेठ १५ सम्म) आठ रूपैयाँ ४० पैसा र वर्षायाम (जेठ १६ देखि मङ्सिर १५ सम्म) का लागि चार रूपैयाँ ८० पैसामा खरिद गरिनेछ । नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले दश मेगावाटसम्मका आयोजनामा उत्पादन समिश्रण (जेनेरेसन मिक्स) का आधारमा तय गरिएको पिपिए सीमा (कोटा) लागू नहुने व्यवस्था गरिएको बताए । स्थानीय प्राकृतिक स्रोतको अधिकतम प्रयोग र स्वदेशी साना लगानीकर्ताको लगानीलाई जलविद्युत् क्षेत्रमा प्रोत्साहन गर्न यस्तो निर्णय गरिएको उनले जानकारी दिए ।

'कोटाका कारण दश मेगावाटसम्मका जलविद्युत् आयोजनाको पिपिए हुन सकिरहेको थिएन । अब दश मेगावाटसम्मका आयोजनालाई उक्त कोटा लागू नहुने भएकाले जहिले र जति क्षमताको भए पनि पिपिए गर्न सकिन्छ । यसले स्वदेशी साना लगानीकर्तालाई



प्रोत्साहन गर्ने छ,' कार्यकारी निर्देशक घिसिङले भने, 'अब ग्रिड आवद्ध सम्झौता (ग्रीड कनेक्सन एग्रिमेन्ट) भएका र हुने दश मेगावाटसम्मका जलविद्युत् आयोजनाको पिपिए जति र जहिलेपनि गर्ने छौं ।'

हालसम्म दश मेगावाटसम्मका ८९ आयोजनाले पिपिएका लागि प्राधिकरणमा निवेदन दिएका छन् । आयोजनाको क्षमता तीन सय ५१ मेगावाट छ । त्यसमध्ये, एक सय ९५ मेगावाटका ४४ आयोजनासँग ग्रिड आवद्ध सम्झौता सम्पन्न भइसकेको छ । आगामी दश वर्षमा उत्पादन गरिने १५ हजार मेगावाटको लक्ष्यलाई आधारमानी विद्युत् प्रणालीमा जलाशययुक्त आयोजनाको २५ प्रतिशत, अर्धजलाशययुक्त आयोजनाको ३० प्रतिशत र नदी प्रवाहमा आधारित आयोजनाको ४५ प्रतिशत अंश रहने गरी उत्पादन समिश्रण तय गरिएको थियो । सोही आधारमा पिपिएको सीमा तय गरिएको थियो ।

आरओआर आयोजनाका लागि तय गरिएको अर्थात् छ हजार सात सय ५० मेगावाट सीमा पूरा भइसकेकाले १० मेगावाटसम्मका आयोजनाको समेत पिपिए हुन सकिरहेको थिएन । दश मेगावाटसम्मका अधिकांश आयोजना आरओआर छन् । प्राधिकरणले हालसम्म नौ हजार दुई सय मेगावाटको पिपिए गरिसकेको छ ।

### बढेको क्षमताको विद्युत् किन्ने

प्राधिकरण सञ्चालक समितिले पिपिए भइसकेका जलविद्युत् आयोजनाको क्षमतावृद्धि गरिएमा थप हुने विद्युत् खरिद गरिदिने निर्णयसमेत गरेको छ । प्राधिकरणले आयोजनाको जडित क्षमता २५ प्रतिशतसम्म वृद्धि भएमा पिपिएको सीमा लागू नहुने निर्णय गरेको हो । प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले आयोजनाको डिजाइन परिवर्तनलगायतका कारण जडित क्षमताको २५ प्रतिशतसम्म अभिवृद्धिबाट उत्पादन हुने विद्युत् 'लिउ वा तिर' प्रावधान राखी पिपिए संशोधन गरिने बताए ।

'२५ प्रतिशतसम्म क्षमता अभिवृद्धि भएमा 'लिउ वा तिर' र त्यसभन्दा बढी भएमा पुरानै 'लिउ र तिर'को व्यवस्था लागू हुन्छ । हाल गरिएको व्यवस्थाले आयोजनाको क्षमता अभिवृद्धि हुनुका साथै आयोजनालाई लगानी जुटाउनसमेत थप सहज बनाउने छ,' घिसिङले भने ।

### सौर्य ऊर्जाको सीमा बढ्यो

त्यस्तै, प्राधिकरणले सौर्य जलविद्युत् आयोजनासँग गरिने पिपिएको सीमासमेत बढाएको छ । प्राधिकरणले हाल कायम रहेको जडित क्षमता र पिपिए भइसकेका आयोजनालाई समेत समावेश गर्दा हुने राष्ट्रिय ग्रिडको कुल क्षमताको १० प्रतिशतसम्मको सीमामा रहेर प्रतिस्पर्धाका आधारमा सौर्य ऊर्जाको पिपिए गर्नेछ । यसअघि राष्ट्रिय ग्रिडको जडित क्षमताको १० प्रतिशतसम्ममा सीमामा रहेर सौर्य आयोजनाको पिपिए हुँदै आएको थियो ।

सौर्य आयोजनाको विद्युत् प्रतिस्पर्धाबाट खरिद गर्न प्रति युनिट पाँच रूपैयाँ ९४ पैसा अधिकतम आधार दर तय गरिएको छ । प्रतिस्पर्धामा उक्त दरभन्दा जसले कम कबोल गर्छ त्यही आयोजनासँग पिपिए गरिने प्राधिकरणले जनाएको छ । 'नयाँ व्यवस्था बमोजिम करिब आठ सय मेगावाटका सौर्य आयोजनाको पिपिए गर्न सकिने छ । हाम्रो स्वामित्वमा रहेका २००, १३२ र ३३ केभी सबस्टेसन नजिक निर्माण हुने सौर्य आयोजनाको पिपिए गर्ने गरी प्रतिस्पर्धा गराउने छौं,' कार्यकारी निर्देशक घिसिङले भने, 'जलविद्युत् आयोजना निर्माण हुन केही समय लाग्ने तर सौर्य आयोजना एक/डेढवर्षभित्रमा आउने भएकाले हिउँदको बढ्दो विद्युत् मागलाई पूरा गर्न ग्रिडमा आवद्ध सौर्य ऊर्जालाई प्राथमिकता दिइएको हो ।'

# लगानी सम्मेलनमा सहभागी हुन विश्वका लगानीकर्तालाई आह्वान

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले नेपालमा जलविद्युत्, पर्यटन, कृषि तथा उत्पादन लगायतका क्षेत्रमा लगानी गर्न विश्वका लगानीकर्ताहरूलाई आह्वान गरेका छन् । संयुक्त अरब इमिरेट्सको दुबइमा आयोजित विश्व सरकार शिखर सम्मेलन (वर्ल्ड गभर्मेन्टस् समिट) मा नेपालको निजी क्षेत्रका तर्फबाट धारणा राख्दै अध्यक्ष ढकालले नेपालमा लगानीका प्रचुर सम्भावना रहेकाले विश्वका लगानीकर्ताहरूलाई यसबाट लाभ लिन आग्रह गरेका हुन् ।

उनले भने 'नेपालमा जलविद्युत्, पर्यटन पूर्वाधारको विकास, कृषिको आधुनिकीकरण र उत्पादनमूलक क्षेत्रहरूमा लगानीका प्रचुर सम्भावना रहेकाले लगानीका लागि विश्वभरका लगानीकर्ताहरूलाई आह्वान गर्दछु ।'

उनले नेपाल सरकारले मुलुकमा लगानीको प्रक्रियालाई सरल बनाउन, नियामकीय कतिपय



झन्झट कम गरी पारदर्शिता अभिवृद्धि गर्न र व्यावसायिक वातावरण निर्माण गर्न नेपाल सरकार र निजी क्षेत्रका तर्फबाट पहल भइरहेको कुरा पनि सो सम्मेलनमा राखेको महासंघद्वारा जारी विज्ञप्तिमा जनाइएको छ ।

उनले भनेका छन्, 'नेपाल सरकारले यही अप्रिल २८-२९ मा आयोजना गर्न लागेको 'नेपाल लगानी शिखर सम्मेलन २०२४' लाई मध्यनजर गर्दै नेपालमा लगानीको अनुकूल वातावरण बनाउन केही ऐन-नियममा संशोधनको प्रक्रिया अगाडि बढाएको छ । साथै, विभिन्न सम्भावित साझेदार मुलुकहरूसँग द्विपक्षीय लगानी सम्झौता गरी लगानी सुरक्षाको प्रत्याभूति गर्न गइरहेको छ । यसले दुई देशबिच व्यावसायिक गतिविधि विस्तारमा सहज वातावरण बनाउनेछ ।'

उनले नेपालले आयोजना गरेको सो लगानी सम्मेलनमा सहभागी हुन पनि सबैसँग आग्रह गरे । 'सेपिङ फ्युचर गभर्मेन्ट' भन्ने नाराका साथ आयोजना भइरहेको उक्त सम्मेलनमा विश्वका कैयौं देशका राष्ट्र तथा सरकारप्रमुख अन्तर ाष्ट्रिय संघसंस्था, राजनैतिक दल तथा निजी क्षेत्रका प्रतिनिधिहरूको सहभागिता रहेको छ । शिखर सम्मेलनमा अध्यक्ष ढकालले नेपालको अर्थतन्त्र र देशको अर्थतन्त्रको विकासमा निजी क्षेत्रको भूमिकाका बारेमा चर्चा गर्दै नेपालको वर्तमान आर्थिक अवस्थाका बारेमा पनि जानकारी गराएका थिए ।


# नेप्सेमा सामान्य वृद्धि

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सामान्य अंकको वृद्धि देखिएको छ । बुधबार नेप्से परिसूचक पाँच दशमलव ९१ अंकले बढेर दुई हजार ७६ दशमलव ५० विन्दुमा कायम भएको हो । सेयर बजारमा रू चार अर्ब २५ करोड २७ लाख २२ हजार आठ सय ९५ बराबरको कारोबार भएको छ । तीन सय दुई कम्पनीको एक करोड २३ लाख ६३ हजार २७ कित्ता सेयर ७४ हजार छ सय ७५ पटक खरिदबिक्री भएको हो ।

बैंकिङ समूहको उपसूचक शून्य दशमलव १८, होटल तथा पर्यटन समूहको उपसूचक शून्य दशमलव १४, जलविद्युत् समूह शून्य दशमलव १३, लगानी समूह शून्य दशमलव २१, जीवन बीमा समूह शून्य दशमलव २७ र लगानी समूह शून्य दशमलव ३७ प्रतिशतले घटेको छ ।

सबैभन्दा धेरै वित्त समूह छ दशमलव ५६ प्रतिशतले र विकास बैंक समूह दुई दशमलव ३८ प्रतिशतले बढेको छ । त्यस्तै, उत्पादन तथा प्रशोधन शून्य दशमलव १०, लघुवित्त शून्य दशमलव ३४, म्युचुअल फन्ड शून्य दशमलव ३४, निर्जीवन बीमा समूह शून्य दशमलव ४० र अन्य समूहको उपसूचक एक दशमलव ०७ प्रतिशतले बढेको छ ।




तीन कम्पनीको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । नेपाल फाइनान्स लिमिटेड, बोटलर्स नेपाल (बालाजु) लिमिटेड र पाँचथर पावर कम्पनी लिमिटेडको सेयर मूल्य १० प्रतिशतले बढेको हो । सबैभन्दा धेरै गुमाउनेमा भने पिपुल्स पावर लिमिटेडको सेयर मूल्य पाँच दशमलव ८१ प्रतिशतले घटेको छ ।

कारोबार भएका सेयर संख्याका आधारमा सबैभन्दा धेरै हिमालयन रिइन्स्योरेन्स लिमिटेडको रू १७ करोड १७ लाख ६४ हजार आठ सय ८० बराबरको सेयर कारोबार भएको छ । कारोबार भएका सेयर संख्याका आधारमा भने प्राइम कमर्सियल बैंक प्रमोटर सेयर आठ लाख आठ हजार पाँच सय २० बराबरको कारोबार भएको छ ।

# पोखरालाई पर्यटकीय राजधानी घोषणाको तयारी

**पोखरा–** 'विगतमा जनताका प्रश्न सिधैं सरकारसमक्ष आउन सक्थेनन्, अहिले गाउँघर टोलवासीले आफ्नो गाउँको योजना यो हो भनी राख्नसक्ने अवस्था सिर्जना भएको छ, नजिकको सरकार भएका कारण त्यो अनुभूति जनताले गर्न पाएको हो नि ।' मंगलबार पोखरामा आयोजित परिसंवाद कार्यक्रममा प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले भने । गण्डकी प्रदेश सरकार स्थापना दिवसका पूर्वसन्ध्यामा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नीति तथा योजना आयोग र नेपाल पत्रकार महासंघ कास्कीको संयुक्त आयोजनामा परिसंवाद गरिएको थियो । यही फागुन ४ मा प्रदेशले आफ्नो स्थापनाको छैटौं वर्ष पूरा गर्दैछ ।

कार्यक्रममा मुख्यमन्त्री पाण्डेले पोखरालाई आगामी चैतभित्रमा पर्यटकीय राजधानी घोषणाको तयारी गरिएको जानकारी दिए । फेवातालको मापदण्ड कार्यान्वयन गर्न सर्वोच्च अदालतको फैसलालाई कार्यान्वयन गरिने जनाउँदै उनले पोखराबाट अन्तर्राष्ट्रिय उडानका लागि चीन र भारतबाट आएका अधिकारीसँगको भेटमा सहजीकरण गर्न



आग्रह गरिएको बताए ।

गाँजाखेतीलाई वैधता दिन तथा स्थानीय रक्सी 'ब्रान्डिङ' गर्न प्रदेश सरकार लागिपरेको जनाउँदै मुख्यमन्त्रीले भने, 'लोकल मदिरा बनाउन लुक्नुपर्ने, अन्य ब्राण्डका रक्सी बनाउन लुक्नुनपर्ने अवस्था छ,' उनले भने, 'गुणस्तर नभए गुणस्तर कायम गरौं । साधारण जनजीविका चलाएका मानिस सानो भए पनि आयआर्जन गर्न सक्छन् ।'

प्रदेशलाई आत्मनिर्भरतातिर लैजानुपर्ने बताउँदै उनले पञ्चवर्षीय योजनाको उद्देश्य पनि आत्मनिर्भरता नै केन्द्रित रहेको धारणा राखे । आवश्यकता आधारमा बजेट विनियोजनका लागि आयोजना बैंक स्थापनाको तयारी पनि भइरहेको उनले जानकारी दिए ।

परिसंवादमा मुख्यमन्त्री पाण्डेसहित प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले) संसदीय दलका नेता एवं निवर्तमान मुख्यमन्त्री खगराज अधिकारी, नेपाल उद्योग वाणिज्य महासंघ पूर्वअध्यक्ष आनन्दराज मुल्मी र प्रा डा चन्द्रा भद्रा वक्ताका रूपमा रहेका थिए भने सहजीकरण नेपाल पत्रकार महासंघ कास्की अध्यक्ष विमला भण्डारी र पत्रकार वासुदेव मिश्रले गरेका थिए । नेपाल उद्योग वाणिज्य महासंघका पूर्वअध्यक्ष मुल्मीले मुलुकले उपलब्धि गरेका कुरा कसरी संस्थागत गर्ने भन्ने कुरा महत्वपूर्ण रहेको बताउँदै उनले आफ्ना नागरिकको जीवनस्तर वृद्धिका लागि सरकार केन्द्रित हुनुपर्नेमा जोड दिए । ठूलाठूला आयोजना सम्पन्न गर्न प्रदेशको सामर्थ्य नभएको उल्लेख गर्दै उनले प्रदेशको आवश्यकता र अपेक्षा पूरा गर्न दबाब दिनुपर्नेमा जोड दिए ।

प्रा. डा. भद्राले गण्डकीले जनतालाई निराश नहुनेगरी असल कार्य गरेर देखाउन सक्नुपर्ने सुझाव दिए । महिलाको नेतृत्वमा प्राविधिक र व्यावसायिक सेवा दिनुपर्ने उनको भनाइ छ । उक्त अवसरमा प्रदेशका नीति तथा योजना आयोग उपाध्यक्ष डा कृष्णचन्द्र देवकोटाले प्रथम पञ्चवर्षीय योजनाका उपलब्धि सार्वजनिक गर्दै दोस्रो पञ्चवर्षीय योजनाको तयारीमा जुटेको बताए । प्रथम पञ्चवर्षीय योजनाले समावेशी, सन्तुलित र दिगो आर्थिक सामाजिक गन्तव्य पहिचान गरेको, सुखद् देखिएका उपलब्धि टिकाउने, सन्तोषजनक देखिएका लक्ष्यमा थप लगानी गर्ने र कमजोर सूचक हस्तक्षेप गर्ने नीति आवश्यक रहेको उनको भनाइ छ । *रासस*

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ